# परिच्छेद : एक

# शोध-परिचय

## १.१ शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक **ता.न.पा. भित्रका संस्थागत माध्यमिक विद्यालयमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान अवस्था** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत तानसेन बहुमुखी क्याम्पस, तानसेन पाल्पाको नेपाली शिक्षण विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (नेपा. शि.५९८) को प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्या कथन

भाषा शिक्षणमा शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षण सामग्रीले सिकाइलाई प्रभावकारी, सरल, चिरस्थायी र उद्देश्यमूलक बनाउँछ । भाषा शिक्षणमा शैक्षिक सामग्रीको अपरिहार्यता हुँदा हुदै पनि विद्यालयको आर्थिक एवं विभिन्न समस्याहरूका कारण जति मात्रामा शैक्षिक सामग्रीको प्रयोग हुनुपर्ने हो त्यति मात्रामा हुन सकेको छैन । तसर्थ यस शोध प्रस्तावमा यिनै समस्यामा केन्द्रित रहेर यी समस्याहरूको औचित्यपूर्ण ढङ्गले समाधान गर्ने प्रयास गरिएको छ । अतः प्रस्तुत शोध समस्यालाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

क) नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको अवस्था र महत्त्व केकस्तो छ ?

ख) तानसेन नगरपालिका स्थित संस्थागत माध्यमिक विद्यालयमा नेपाली भाषा शिक्षण र यिनमा प्रयोग हुने शैक्षणिक सामग्रीको अवस्था कस्तो छ ?

ग) नेपाली भाषा शिक्षण र शैक्षिक सामग्रीको उपयोगमा देखिएका समस्याहरू के के हुन् ?

## १.४ शोधको उद्देश्य

कुनै पनि कार्य उद्देश्य विना सफल हुन सक्दैन । प्रस्तावित शोध-समस्याका बुँदाहरूमा केन्द्रित हुंदै नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको अवस्था र यसको प्रयोगमा देखिएका समस्याहरूको निदान र निराकरण गर्नु रहेको छ । शोध उद्देश्यलाई निम्न बुँदाहरूमा आधारित भई पूर्णता दिने प्रयास गरिएको छ :

क) नेपाली भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरूको परिचयका साथै महत्त्वमाथि प्रकाश पार्नु,

ख) तानसेन नगरपालिका स्थित संस्थागत माध्यमिक विद्यालयको नेपाली भाषा शिक्षण एवम् तिनमा प्रयोग हुने शैक्षिक सामग्रीको वर्तमान स्थिति माथि प्रकाश पार्नु ,

ग) नेपाली भाषा शिक्षण र शैक्षिक सामग्री उपयोगमा देखिएका समस्याहरू पत्ता लगाउँदै त्यस सम्बन्धमा सुझाव र निष्कर्ष दिनु,

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली भाषा शिक्षणमा विभिन्न विषयवस्तुहरू हुन्छन् ती विषयवस्तुले विभिन्न प्रकारका ज्ञान र सीप प्रदान गर्दछन् । विषयवस्तुमा प्रयोग भएका ज्ञान र सीपहरूलाई सरल, स्पष्ट र दिगो रूपमा विद्यार्थी समक्ष पुऱ्याउन सहयोग गर्ने साधनलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षण कार्यलाई प्रभावकारी बनाउन पाठ्यपुस्तक मात्र प्रयाप्त हुन सक्दैन यसको निम्ति शैक्षिक सामग्री अपरिहार्य रहन्छ । भाषा शिक्षण भनेको विषयवस्तुको मात्र शिक्षण नभएर भाषिक सीपको शिक्षण पनि हो । परम्परागत शिक्षण विधिअनुसार व्याख्यान विधिलाई जोड दिइनुपर्ने हुनाले शैक्षिक सामग्रीको प्रयोगमा उपेक्षा गर्ने गरेको पाइन्छ ।

आधुनिक शिक्षण विधिले शिक्षण कार्यलाई विद्यार्थीको रूचि, चाहना अनुरूप बनाउन अधिकभन्दा अधिक मात्रामा शैक्षिक सामग्रीको उपयोगलाई जोड दिएको छ । त्यसैले रा.शि.प.को योजना २०२८ पछि शैक्षिक सामग्रीको वढी प्रयोग र निर्माण हुन थालेको पाइन्छ ।

यसरी आधुनिक शिक्षा प्रणालीमा शिक्षण सामग्रीलाई बढी मात्रामा उपयोग गर्ने परम्परा भए पनि नेपाली भाषा शिक्षणका कुन कुन विधाहरूमा कस्ता कस्ता प्रकारका सामग्रीको प्रयोग गरेर भाषिक सीपको विकास गर्न सकिन्छ भन्नेमा अन्योल देखिन्छ । नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको अवस्था एवम् समस्याहरूको विषयमा त्यति धेरै शोध कार्य नभएको पाइए पनि थोरै मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । अतः ती पूर्वाध्ययनलाई कालक्रमिक रूपमा उल्लेख गर्दै तिनमाथि निम्नानुसारको संक्षिप्त दृष्टिकोण प्रस्तुत गरिएको छ ।

तोयानाथ खनाल (वि.स. २०५५) ले **कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिको अध्ययन** नामक शोधपत्रमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरूको चर्चा गरेका छन् । जस अनुसार नेपाली भाषा शिक्षण गर्दा प्रयोग हुने सामग्रीको रूपमा कालोपाटी प्रयोग नगर्ने शिक्षकहरू ६ जना, कालोपाटीमा शीर्षक मात्र लेख्ने शिक्षक १ जना देखिएका छन् । उक्त अध्ययन विशेष गरी शिक्षण विधिको सम्बन्धमा भएको हुँदा शैक्षिक सामग्री प्रयोग सम्बन्धी सामान्य जानकारी मात्र प्रस्तुत गरेको पाइन्छ ।

निमानन्द भुसाल (वि.सं. २०५९) ले **अर्घाखाँची जिल्ला मा.वि. तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति** नामक शोध शीर्षकमा शैक्षिक सामग्रीका उपयोग बारे अध्ययन गरेका छन् । उनले शोधपत्र तयार पार्ने क्रममा १२ ओटा विद्यालयको अध्ययन अनुसन्धान गरी मा.वि. तहमा भाषा शिक्षण गर्दा उपयोगमा ल्याएका र ल्याउन सकिने शैक्षिक-सामग्री तथा तिनको महत्त्व दर्शाउने काम गरेका छन् । विद्यालयको आर्थिक अवस्था कमजोर, सामग्रीहरूको निर्माण र प्रयोगबारे अनभिज्ञ शिक्षक, पर्याप्त तालिम तथा अनुगमनको अभाव आदि समस्याहरू र ती विद्यालयहरूमा विद्यमान रहेको निष्कर्ष निकालेको भए पनि निजी विद्यालयहरूमा प्रयोग हुने शैक्षिक सामग्रीबारे कही कतै उल्लेख गरेका छैनन् ।

राधारमण खतिवडा (वि.सं. २०६१) ले **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग सम्बन्धी एक अध्ययन** नामक शीर्षकमा अनुसन्धान गरेका छन् । यस अध्ययनमा यिनले उदयपुर जिल्लाका माध्यमिक तहका नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गरेका वा नगरेका विद्यालयहरू बीचको तुलनात्मक अध्ययन गर्दै विद्यालयमा शैक्षिक सामग्री निर्माण तथा खरिदका लागि आर्थिक समस्या रहेको, शैक्षिक सामग्री निर्माण र प्रयोगमा शिक्षकलाई यथेष्ट जानकारी नभएको जस्ता कुराहरू उल्लेख गरेका छन् ।

महेश्वर घिमिरे (वि.सं.२०६७) ले सालमा **गुल्मी जिल्ला स्थित नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति** सम्बन्धी शीर्षकमा अनुसन्धान गर्दै उनले शोधपत्र तयार पार्ने क्रममा गुल्मी जिल्लाका ७ ओटा विद्यालयमा गरेको अनुसन्धानले दृश्य सामग्रीहरूको प्रयोग नगन्य रहेको उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनमा यिनले विद्यालयको आर्थिक अवस्था कमजोर र शिक्षक दरबन्दीको कमी भएका विद्यालयमा शैक्षिक सामग्रीहरूको प्रयोगमा समस्या रहेको निष्कर्ष समेत निकालेका छन् ।

अतः उल्लिखित पूर्वाध्ययनमा माध्यमिक तहमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको बारेमा चर्चा गरिएता पनि संस्थागत माध्यमिक तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग तथा वर्तमान अवस्थाका बारेमा उल्लेख गरिएको पाइँदैन । यसरी भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको महत्त्व, प्रयोगमा देखिएका समस्या र समाधानका विषयमा थप ज्ञान गराउने उद्देश्यलाई लिएर प्रस्तुत अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.६. शोधको क्षेत्र र सीमा

यस शोध कार्यको अध्ययनको क्षेत्र पाल्पा जिल्लाका तानसेन नगरपालिका अर्न्तगत पर्ने माध्यमिक तहका ७ ओटा संस्थागत विद्यालय, सम्बन्धित विद्यालयका ७ जना प्र.अ., नेपाली

शिक्षकहरू र प्रतिनिधिमूलक विद्यार्थीहरूलाई आधार मानिएको छ । नगर स्थित संस्थागत मा.वि. विद्यालय बाहेकका अन्य विद्यालयहरूलाई यसको सीमा भित्र पारिएको छैन र छनोटमा परेका विद्यालयहरू यस प्रकार रहेका छन् :

१. न्यू होराइजन उ.मा.वि.

२. पाल्पा आवासीय उ.मा.वि.

३. प्रिपेरेटरी मा.वि.

४. सेन्ट कपितानियो मा.वि.

५. बेथल मा.वि.

६. प्रशान्ति मा.वि.

७. बृन्दावन एकेडमी

## १.७ शोधको औचित्य

पूर्वकार्यको अध्ययनबाट शैक्षिक सामग्रीको उपयोगको वर्तमान अवस्थाका बारेमा अध्ययन गरिएको छ तर शैक्षिक सामग्री उपलब्ध गराउन नसक्ने विद्यालयहरू खासगरी आर्थिक स्थितिमा कमजोर भएकाले शैक्षिक सामग्रीको उपयोगमा समस्या रहेको उल्लेख गरिएको छ । तर प्रस्तुत अध्ययनमा आर्थिक अवस्था कमजोर भएर शैक्षिक सामग्री किन्न नसक्ने अवस्थामा पनि कम मूल्य पर्ने तथा मूल्य नपर्ने शैक्षिक सामग्रीको प्रयोग गर्न सकिने कुरालाई प्रोत्साहन गरिएको छ । अतः कमजोर आर्थिक अवस्थाका विद्यालयहरूमा कस्ता किसिमका र आर्थिक रूपले सबल विद्यालयहरूमा कस्ता किसिमका शैक्षिक सामग्रीको प्रयोग गर्ने भन्ने आधार प्रस्तुत गर्नु यो शोध प्रस्तावको औचित्य रहेको छ ।

## १.८ शोध विधि

अध्ययन अनुसन्धान गर्नको निम्ति विभिन्न विधिहरूको उपयोग गर्नु आवश्यक पर्छ । प्रस्तावित शोधपत्र तयार गर्ने क्रममा आगमन तथा निगमन दुवै विधिको अवलम्बन गरिएको छ । विद्यालयहरूमा स्वयम् उपस्थित भई प्रश्नावली, अन्तरवार्ता, शैक्षिक सामग्री तथा कक्षा अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## १.९ सामग्री-सङ्कलन तथा विश्लेषण विधि

प्रस्तावित शोधपत्रको सामग्री सङ्कलन गर्ने क्रममा आवश्यक तथ्यहरूमध्ये मुख्यतः पुस्तकालयीय पद्धतिलाई आधार बनाइएको छ । यसका अतिरिक्त अवलोकन प्रश्नावली छलफल विधिलाई समेत सामग्री सङ्कलनको आधार बनाइएको छ । अतः प्रस्तुत शोधलाई प्राथमिक

एवम् द्वितीय स्रोतका आधारमा पूर्णता दिइएको छ । प्रस्तुत अध्ययनलाई मूलतः व्याख्यान एवम् विश्लेषण विधिको अवलम्बन गरिएको छ भने सामुदायिक विद्यालय चर्चा गर्ने ठाउँमा केही तुलनात्मक विधिको अवलम्बन भएको पाइने छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रको सम्भावित रूपरेखा निम्न अनुसार रहेको छ -

परिच्छेद एक - शोध-परिचय

परिच्छेद दुई - नेपाली भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको परिचय

परिच्छेद तीन - ता.न.पा. भित्रका संस्थागत माध्यमिक विद्यालयमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति

परिच्छेद चार - नेपाली भाषा शिक्षण र शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या समाधानका उपायहरू

परिच्छेद पाँच - शोध निष्कर्ष

# परिच्छेद : दुई

# नेपाली भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको परिचय

## २.१ विषय प्रवेश

शिक्षणलाई रोचक, स्पष्ट बनाउन शैक्षिक सामग्री चाहिन्छ । शैक्षिक सामग्रीबाट गरिएको शिक्षण विद्यार्थी केन्द्री हुन्छ । यसरी गरिएको शिक्षण प्रभावकारी र चिरस्थायी हुन्छ । नेपाली भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो ।

शिक्षण पश्चात् विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी ४ सीपको विकास हुनु जरूरी हुन्छ यसको निम्ति शैक्षिक सामग्रीको अपरिहार्यता रहन्छ । परम्परागत शिक्षणमा पाठ्यपुस्तकलाई मात्र शिक्षण गर्ने माध्यम बनाइन्थ्यो । त्यसैले शिक्षण अप्रभावकारी, अस्थायी तथा विद्यार्थीको सक्रियता कम हुने गर्थ्यो । जसको परिणाम फलदायी नहुने कुरा हामी सामु छर्लङ्ग छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्नु नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री चाहिन्छ जसको महसुस् आज गरिएको छ । यसरी पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्न, शिक्षणप्रक्रियालाई रोचक, सहज, सरल र प्रभावकारी बनाउन, सिकाइलाई उद्देश्यमूलक बनाउन कक्षा कोठामा प्रयोगमा आउने सम्पूर्ण साधन वा सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीले जटिल कुराहरूलाई सरल बनाउन, अमूर्त कुराहरूलाई मूर्त बनाउन सहयोग गर्दछ । कम समयमा कम स्रोत र साधनको प्रयोगले अधिकतम उपलब्धि हासिल गर्न शैक्षिक सामग्रीको महत्त्व रहेको छ । सय पटक भनेको कुराभन्दा एक पटक देखेको कुरा चिरस्थायी र बढी स्मरणीय हुने भएकाले सिकाइलाई दिगो बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शैक्षिक सामग्रीको प्रयोगका सम्बन्धमा विभिन्न शिक्षाविद् तथा विद्वान्हरूले आ-आफ्नो किसिमले बताएका छन् । केही विद्वान्हरूका मतलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ । "भाषिक सीपहरूमा सक्षम बनाउन तथा तिनका पूरकका रूपमा भाषा तत्त्वहरूको स्तरअनुकूल सुझ बढाउन उपयोगी हुन सक्ने जनुसुकै साधन वा सामग्रीहरू व्यापक अर्थमा भाषा शिक्षणका सामग्री हुन्" (अधिकारी, २०६३:२२४) "भाषाका विभिन्न सीप तथा पक्ष एवं साहित्यका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहायक सामग्रीका रूपमा प्रयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ ।" (शर्मा र पौडेल, २०६०:२०३)

माथिका भनाइहरूबाट के कुरा बुझ्न सकिन्छ भने विद्यार्थीमा भाषिक सीपहरूको विकास गरी ग्रहण र अभिव्यक्ति क्षमताको बृद्धि गर्न सहयोगी हुने सामग्रीहरू नै शैक्षिक सामग्री हुन् । यसरी हेर्दा यस धर्तीमा रहेका सम्पूर्ण वस्तुहरू जसले शिक्षण सिकाइलाई सहयोग गर्दछन् ती सबै शैक्षिक सामग्री हुन् । आजको परिवर्तनशील समयमा पुरानो जस्तो व्याख्यान विधि स्वीकार्य हुँदैन त्यसैले वर्तमान समयमा भाषा शिक्षणमा प्रयोग गर्ने शैक्षिक सामग्रीहरूको निर्माण क्रम पनि दिन प्रतिदिन बढ्दै गइरहेको छ । भाषा शिक्षणका सन्दर्भमा प्रयोग हुने यस्ता शैक्षिक सामग्रीलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

**तालिका नं.१**

**शैक्षिक सामग्रीहरूको वर्गीकरण**

| मौखिक सामग्री | श्रव्य सामग्री | दृश्य सामग्री | श्रव्यदृश्य सामग्री | स्पर्श सामग्री | कैफियत |
|---|---|---|---|---|---|
| प्रश्न<br>उदाहरण | रेडियो<br>टेपरेकर्डर<br>ग्रामोफोन<br>टेलिफोन | पाटी<br>प्रोजेक्टर<br>पत्तीहरू<br>गोजी तालिका<br>शब्दकोश,<br>तस्विर<br>मानचित्र,<br>नक्सा<br>सन्दर्भ पुस्तक<br>निर्देशिका<br>पत्रपत्रिका<br>विभिन्न<br>विधाका<br>रचना | सिनेमा<br>टेलिभिजन<br>भिडियो<br>कम्प्युटर<br>भाषा प्रयोगशाला | नुनिलो<br>धारिलो<br>तातो<br>चिसो<br>तितो<br>पिरो | |

## २.२ शैक्षिक सामग्रीको वर्गीकरण

भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर भाषिक सीपको शिक्षण मानिन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकासका लागि सहायक हुने वस्तु वा विधालाई भाषा शिक्षणमा शैक्षिक सामग्रीको रूपमा उपयोग गर्न सकिन्छ । यस सम्बन्धमा हेमाङ्गराज अधिकारीले नेपाली भाषा शिक्षण २०६३ मा कालो पाटी, चित्रहरू, गोजीतालिका र प्रश्नहरूको उल्लेख गरेका छन् । लामिछानेले नेपाली भाषा शिक्षण २०६७ मा श्रव्य दृश्य र पाठ्य गरी तीन भागमा वर्गीकरण गरेका छन् भने शर्मा र माधवप्रसाद पौडेलले नेपाली भाषा र साहित्य

शिक्षण २०६० मा मौखिक, दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श गरी ५ भागमा विभाजन गरेको पाइन्छ । शान्तिप्रसाद ढकालले नेपाली भाषा शिक्षणः परिचय र प्रयोग २०६६ मा मौखिक सामग्रीको उल्लेख नगरी पाठय सामग्रीको थप चर्चा गरेका छन् । यिनै विभिन्न विद्वानहरूका फरक फरक दृष्टिकोणलाई समेट्दै शैक्षिक सामग्रीको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ ।

## २.२.१ मौखिक सामग्री

भाषा शिक्षणका क्रममा कक्षाकोठामा मौखिक रूपमा प्रस्तुत गरिने सामग्रीलाई मौखिक सामग्री भनिन्छ । यस्ता सामग्रीहरूको प्रयोगले विद्यार्थीमा ध्यानपूर्वक सुन्ने, बुझ्ने र चनाखो रहने बानीको विकास भई सिकाइ प्रभावकारी हुन्छ । जटिल कुराहरूलाई सरल र अमूर्त कुराहरूलाई मूर्त रूपमा प्रस्तुत गर्न तथा विद्यार्थीको सिकाइप्रति रूचि जगाउन मौखिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । मौखिक सामग्रीलाई २ भागमा विभाजन गर्न सकिन्छ ।

### २.२.१.१ प्रश्नहरू

भाषा शिक्षणका क्रममा प्रश्नहरूको प्रयोगले पाठयवस्तुप्रति, विद्यार्थीको ध्यानाकर्षण हुने, सुन्ने र बुझ्ने भई शिक्षण प्रभावकारी हुन्छ । यसका साथै विद्यार्थीको सक्रियता बढ्ने कल्पना र तर्कशक्तिको विकास हुने गर्दछ । विद्यार्थीहरूले बुझे नबुझेको थाहा पाउन, उत्तर दिने शैली र क्षमता पहिचान गर्न, कठिनाइको पहिचान गरी तिनको निराकरण गर्न तथा सिकेका कुराहरू चिरस्थायी तुल्याउन प्रश्नोत्तर महत्त्वपूर्ण मानिन्छ । यस्ता प्रश्नहरू सोध्दा कहाँ, के, किन, कसरी, कहिले जस्तो प्रश्नहरूको प्रयोग गर्नुपर्दछ । यस्ता प्रश्नहरू छोटा, मीठा सरल प्रकृतिका, विषयवस्तुसँग प्रासङ्गिक, विद्यार्थीको स्तर अनुरूप र उद्देश्यमूलक हुनुपर्दछ । कक्षा शिक्षणमा प्रयोग गरिने प्रश्नहरूलाई विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ :

(अ) प्रस्तावित प्रश्नः कुनै पनि पाठ्यवस्तुको शिक्षण सुरू गर्नुभन्दा पहिले सोधिने प्रश्नलाई प्रस्तावित प्रश्न भनिन्छ । यस्ता प्रश्नहरू विद्यार्थीको पूर्व ज्ञानको जानकारी लिन, शिक्षणीय विषयवस्तुलाई पूर्वपाठसँग सम्बन्धित बनाउन तथा नयाँ कुरा सिक्न जिज्ञासा पैदा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

(आ) विश्लेषणात्मक प्रश्नः कुनै पनि शिक्षणीय पाठको व्याख्या विश्लेषण गरिसकेपछि सोधिने प्रश्नहरूलाई विश्लेषणात्मक प्रश्न भनिन्छ । यस्ता प्रश्नहरूको पाठभित्रका महत्त्वपूर्ण अंशको आशय खोतल्न, नबुझेका कुराहरूलाई स्पष्ट पार्न तथा सामान्य पाठको मूलभावलाई केलाउने महत्त्वपूर्ण भूमिका रहन्छ ।

(इ) बोध प्रश्नः कुनै पनि शिक्षण सिकाइ पश्चात् विद्यार्थीले के कति बुझे भनी जानकारी लिनका लागि साधिने प्रश्नहरूलाई बोध प्रश्न भनिन्छ । यस्ता प्रश्नले पाठ अगाडि बढाउने वा दोहोऱ्याउनु पर्ने भन्ने कुराको निर्णय लिन सहयोग गर्दछ ।

(ई) आवृत्तिमूलक प्रश्नः कुनै पनि पाठ शिक्षण गरिसकेपछि मुख्यमुख्य अंशहरूको पुनरावृत्तिका लागि सोधिने प्रश्नलाई आवृत्तिमूलक प्रश्न भनिन्छ । यस्ता प्रश्नहरूबाट शिक्षण के कति सफल भयो त्यसको पहिचान लिन सहयोग पुग्दछ ।

### २.१.१.२ उदाहरण

भाषा शिक्षणका सन्दर्भमा उपयोग गरिने विभिन्न उदाहरणहरू महत्त्वपूर्ण शैक्षिक सामग्री हुन् । उदाहरणको प्रयोगले पाठलाई सरल रूपमा प्रस्तुत गर्न, विद्यार्थीको ध्यानाकर्षण गरी शिक्षणप्रति रूचि जगाउन, अज्ञात र अमूर्त कुरालाई ज्ञात र मूर्त बनाउन सहयोग पुग्दछ । पाठमा अभिव्यक्त भाव वा विचारलाई सामान्य भाषाबाट स्पष्ट पार्न कठिन भएमा विभिन्न किसिमका उखान टुक्का, प्रसिद्ध कथन, चुट्किला, कुनै गीत वा कविता, महापुरूषहरूका भनाइ आदिको प्रयोग गरेर विषयवस्तुको भाव वा विचारलाई स्पष्ट पार्न सकिन्छ । उदाहरणहरू रोचक, विद्यार्थीको स्तर अनुरूप सरल, स्पष्ट हुनु पर्दछ ।

### २.२.२ श्रव्य सामग्री

भाषा शिक्षणका सन्दर्भमा सुन्न मात्र सहायक हुने सामग्रीलाई श्रव्य सामग्री भनिन्छ । श्रव्य सामग्रीको माध्यमबाट श्रुतिबोध, वक्तृता, शुद्धोचारण, लयबोध जस्ता सीपहरूको शिक्षण गर्न सकिन्छ । यस्ता सामग्रीहरू शिक्षकको अनुपस्थितिमा पनि केही हदसम्म उपयोगमा ल्याउन सकिने हुन्छ । विभिन्न प्रकारका ध्वनिहरूको वर्ण विभेदीकरण र पहिचान् गर्न श्रव्य सामग्री सहायक हुन्छन् । श्रव्य सामग्रीहरू निम्नानुसार छन् :

### २.२.२.१ रेडियो

रेडियो श्रव्य सामग्रीको आधुनिक विद्युतीय उपकरण हो । भाषा शिक्षणका सन्दर्भमा यसको उपयोग महत्त्वपूर्ण मानिन्छ । अपाङ्ग तथा अन्य विविध कारणले विद्यालय जान नसक्नेहरूका लागि रेडियो उपयोगी साधन हो भने विद्यालयमै पनि भाषा शिक्षणका क्रममा यसको उपयोग गर्न सकिन्छ । रेडियोबाट भाषाको शुद्ध रूपको जानकारी गराउन र शुद्ध उच्चारणको अभ्यास गराउन सकिन्छ । रेडियोबाट संसारका विभिन्न स्थानमा घटेका घटना तथा विज्ञान र प्रविधिको विकासले हासिल भएका विभिन्न उपलव्धि वा आविष्कार भएका नयाँ-नयाँ कुराहरूको प्रसारण हुने गर्दछ । यस्ता कुराहरू श्रवण गरी विद्यार्थीले आफ्नो बौद्धिक

भण्डार वृद्धि गर्न सक्दछन् । हुन त यी सबै कुराहरूलाई चाहेको बेलामा सुनाउन सक्दैनौ तर रेडियोबाट कुन-कुन कुरा कतिबेला  प्रसारित हुन्छन् भन्ने कुरा बुझेर त्यही समयमा कक्षामा विद्यार्थीलाई सुनाउन सकिन्छ । यसरी कक्षामा रेडियोको प्रयोग गरेपछि लक्षित उद्देश्य पूरा भयो वा भएन भन्ने थाहा पाउन, प्राप्त उपलब्धिलाई दिगो बनाउन, उचित छलफल र प्रश्नोत्तरका कार्यक्रमहरू गर्नुपर्दछ । यसरी सही तरिकाले उपयोग गर्न सकेमा रेडियो एक प्रभावकारी शैक्षिक सामग्री हुन सक्दछ । रेडियोले भाषा शिक्षकको क्षेत्रमा निम्नानुसारका फाइदा पुऱ्याएको छ :

(क) रेडियोबाट प्रसारण हुने भाषा शुद्ध र मानक हुने हुनाले मानक र शुद्ध भाषाको शिक्षणमा सहयोग पुऱ्याउँछ ।

(ख) भाषा सिक्नका लागि विद्यालय, कक्षाकोठा शिक्षक आदिको आवश्यकता नहुने हुनाले यो सर्बसुलभ र कम खर्चिलो हुन्छ ।

(ग) सुगम तथा दुर्गम सबै ठाउँमा मानिसहरूको एकै किसिमको भाषिक ज्ञान हासिल गर्न सक्दछन् ।

(घ) एकै समयमा धेरै विद्यार्थीलाई शिक्षा दिन सकिन्छ ।

(ङ) विद्यार्थीमा तर्कशक्ति, स्मरणशक्तिको तीव्र विकास हुन्छ ।

रेडियो एक बहुउपयोगी साधन हो । तर रेडियोलाई कक्षा कोठामा शिक्षण अनुकुल हुने गरी उपयोग गर्न कठिन हुने गर्दछ । रेडियोको उपयोग गर्न त्यस्ता कार्यक्रमहरू विद्यालय समयमा प्रसारित हुनुपर्दछ । साथै सबै कक्षा कोठामा सबैले सुन्न सक्ने गरी व्यवस्था मिलाइएको हुनु पर्दछ ।

## २.२.२.२ टेपरेकर्डर

टेपरेकर्डर श्रव्य सामग्री अर्न्तगतको अर्को महत्त्वपूर्ण श्रव्य सामग्री हो । यसलाई रेडियोभन्दा फरक ढङ्गबाट प्रयोग गर्न सकिन्छ । यसका माध्यमबाट श्रुतिबोध, वक्तृता, स-स्वर वाचन, शुद्धोच्चारण लयबोध जस्ता सीपहरूको  शिक्षण गर्न सकिन्छ । कुनै पनि श्रव्य सामग्रीलाई आवश्यकता अनुसार रेकर्ड गरी कक्षामा सुनाउन सकिन्छ । यसरी रेकर्ड गरिने सामग्री विद्यार्थीको स्तर अनुरूपको हुनु आवश्यक छ । टेपरेकर्डलाई आवश्यकता अनुसार बन्द गर्न, दोहोऱ्याउन, आवश्यकता अनुसार सच्याउन र काम सकिएपछि मेटेर अन्य सामग्रीहरू रेकर्ड गर्न सकिने हुनाले यो निकै उपयोगी साधन मानिन्छ । साथै एक स्थानबाट अर्को स्थानमा

लगेर प्रयोग गर्न सकिने, सहज रूपमा ल्याउन र लैजान सकिने सबै स्थानमा उपयोगमा ल्याउन सकिने तथा कम खर्चिलो हुने यसका विशेषताहरू हुन् ।

### २.२.२.३ ग्रामोफोन

ग्रामोफोन एक प्रकारको स्थायी रेकर्ड हो । यिनीहरू बनिबनाउ रूपमा बजारमा पाइन्छन् र किनेर ल्याई कक्षाकोठामा प्रयोग गर्न सकिन्छ । यसबाट कविता, एकाङ्की, संवाद, उच्चारण, स-स्वर वाचन तथा बोलाइका विभिन्न तहहरूको अभ्यास गराउन सकिन्छ । यो एक उपयोगी साधन भए तापनि नेपाली भाषा शिक्षणमा यसको प्रयोग भएको पाइदैन ।

### २.२.२.४ टेलिफोन

टेलिफोनलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । अन्य सामग्री जस्तो यसलाई कक्षामा लगेर शिक्षण गर्न त्यति प्रभावकारी नभए पनि आवश्यक परेको बेलामा खास खास कुराहरू सोध गरी बौद्धिक ज्ञान लिन सकिन्छ । “नेपाली भाषा शिक्षणमा उच्चारण अध्यास गराउन, श्रुतिबोध अभ्यास गराउन आदि विभिन्न उद्देश्यहरूको लागि टेलिफोनको पनि उपयोग गर्न सकिन्छ ।” (शर्मा र पौडेल, २०६०:२०८)

### २.२.३ दृश्य सामग्री

शिक्षण सिकाइका क्रममा प्रत्यक्ष रूपमा आँखाले हेर्न वा अवलोकन गर्न सकिने सामग्रीलाई दृश्य सामग्री भनिन्छ । दृश्य सामग्रीको प्रयोगले ठोस धारणाको विकास गर्न मद्दत पुग्दछ । भाषा शिक्षणलाई रोचक बनाई लक्षित उद्देश्य हासिल गर्न उदाहरण तथा व्याख्या विश्लेषणले मात्र सम्भव हुँदैन । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन र पूर्णता प्रदान गर्न विभिन्न प्रकारका दृश्य सामग्रीहरूको प्रयोग अपरिहार्य छ । त्यस्ता सामग्रीहरूलाई विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ ।

### २.२.३.१ पाटीहरू

शिक्षण क्रियाकलापका निम्ति अत्यन्तै आवाश्यक शैक्षिक सामग्री पाटीहरू हुन् । शिक्षण क्रममा पाटीलाई लेख्ने, शैक्षिक सामग्री प्रस्तुत गर्ने प्रयोजनले उपयोग गरिन्छ । यस्ता पाटी विभिन्न प्रकारका हुन्छन् :-

#### (क) कालोपाटी

कालोपाटी शिक्षणका सन्दर्भमा अत्याधिक मात्रामा प्रयोग हुने सामग्री हो । यसको प्रयोगमा विना शिक्षण कार्य सम्भव हुँदैन । कालोपाटी भन्नाले प्लाइउडबाट बनेको वा कक्षाकोठाको भित्तामा सिमेन्टले प्लाष्टर गरेर कालो रङ्ग लगाएर बनाइन्छ । कालोपाटीको प्रयोग

प्रमुख बुँदाहरूमा जोड दिन, पाठको टिपोट दिन, विद्यार्थीको ध्यानाकर्षण गर्न, शिक्षणीय कुराहरूलाई स्पष्ट्याउन, उच्चारण, वर्णविन्यास, शब्दार्थ, शब्द प्रयोग, व्याकरण, सारांश नमुना, निबन्ध तथा चिठीका ढाँचा, शुद्धाशुद्धि, प्रश्नोत्तर, आदिका अध्यास तथा अनुभव गराउन चित्र तथा नक्सा बनाई कुनै कुराको पुष्टि गर्न आदि सम्पूर्ण कार्यमा प्रयोग गर्न सकिन्छ । (शर्मा र पौडेल, पूर्ववत् : २०५६, २०६)

कालोपाटी प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू:

(क) कालोपाटी सबै विद्यार्थीले देख्ने ठाउँमा राखिएको हुनु पर्दछ ।

(ख) कालोपाटीमा अक्षर लेख्दा शुद्ध, स्पष्ट र आकर्षक लेख्नु पर्दछ ।

(ग) कालोपाटी अँध्यारो वा टल्कने ठाउँमा राख्नु हुँदैन ।

(घ) कालोपाटीमा लेख्दा विद्यार्थीलाई छेकिने गरी लेख्नु हुँदैन ।

(ङ) कालोपाटीमा लेखिएका कुराहरू विद्यार्थीले टिपिसकेपछि मेट्नु पर्दछ ।

### (ख) फलाटिन पाटी

फलाटिनको सादा कपडाबाट बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । कालो पाटीमा उल्लेख गर्न समयको अभावमा प्रस्तुत गर्न नसकिएमा पूर्व निर्मित सामग्रीहरूलाई फलाटिन पाटीमा टाँसेर प्रदर्शन गर्न सकिन्छ ।

फलाटिन पाटी निर्माण गर्दा काठमा फलाटिनको कपडाले मोडेर बनाउन सकिन्छ । फलाटिन पाटीलाई झुण्ड्याउनका लागि डोरीको प्रयोग गर्न सकिन्छ ।

### (ग) चुम्बकीय पाटी

भाषा शिक्षणका लागि फलाटिन पाटी जस्तै चुम्बकीय पाटी पनि एक उपयोगी सामग्री हो । यस्तो पाटीको निर्माण गर्दा पाटीको पछाडिपट्टि चुम्बकको पाता राखिएको हुन्छ र यसमा प्रदर्शन गर्ने सामग्रीको पछाडि फलामको पाता जडान गरिएको हुन्छ यसले गर्दा सामग्रीलाई चाहेको ठाउँमा सजिलै अड्याउन सकिन्छ । यस प्रकारका सामग्रीहरू बजारमा किन्न पाइन्छ तर नेपाली भाषा शिक्षणको क्रममा यस्ता सामग्रीहरूको प्रयोग भएको पाइँदैन ।

### (घ) श्वेतपाटी

श्वेतपाटी कालोपाटीको विकल्पमा प्रयोग हुने पाटी हो । यसको निर्माण काठ वा प्लाइउडमा सेतो सनमाइका टाँसेर बनाइएको हुन्छ र मार्कर पेनको सहायताले आवश्यक कुराहरू कालोपाटीमा जस्तै लेखेर प्रस्तुत गरिन्छ । वर्तमान समयमा सुविधा सम्पन्न विद्यालयहरूमा यसको प्रयोग बढी गरिन्छ ।

### २.२.३.२ प्रक्षेपक (प्रोजेक्टर)

प्रक्षेपक एक विद्युतीय सामग्री हो । यसका सहायताले नेपाली भाषा शिक्षणका अनेकौँ पाठयवस्तुलाई प्रभावकारी रूपले प्रस्तुत गर्न सकिन्छ । उपयोगको प्रयोजन अनुसार प्रक्षेपक विभिन्न प्रकारका हुन्छन् ।

**(क) ओभरहेड प्रक्षेपक**

विभिन्न प्रकारका चित्र, नक्सा, तालिका, मानचित्र, रेखाचित्र, पाठका प्रमुख बुँदा, नमुना अभ्यास आदि कुराहरूलाई पारदर्शी प्लास्टिकमा विशेषखाले कलमले लेखी प्रस्तुत गर्न सकिने प्रक्षेकपकलाई ओभरहेड प्रक्षेपक भनिन्छ । यसको प्रयोगले शिक्षणमा रोचकता ल्याउँछ र सिकाइ प्रभावकारी हुन्छ ।

**(ख) स्लाइड प्रक्षेपक**

विभिन्न उद्देश्यका लागि स्लाइडमा कोरेर तयार पारिएका स्लाइडलाई प्रदर्शन गर्न सकिने प्रक्षेपकलाई स्लाइड प्रक्षेपक भनिन्छ । यसलाई हलुका ढङ्गले यताउता लैजान सकिन्छ । शब्द निर्माण, वाक्य निर्माण तथा व्याकरण शिक्षणमा बढी उपयोगी हुन्छ ।

**(ग) अपारदर्शी प्रक्षेपक**

अपारदर्शी सामग्रीलाई पनि प्रक्षेपित गरी देखाउनको निम्ति अपारदर्शी प्रक्षेपकको प्रयोग गरिन्छ । ट्रेमा राखी आवश्यकता अनुसार ठूलो वा सानो आकारमा देखाउन सकिन्छ ।

प्रक्षेपकहरू भाषा शिक्षणका लागि उपयोगी सामग्री हुन् तर यस्ता सामग्रीहरू महङ्गो पर्ने, ग्रामीण क्षेत्रका विद्यालयमा प्रयोग गर्न नसकिने, सामग्री निर्माणका लागि विशेष सीपको आवश्यकता पर्ने आदि कारणले नेपाली शिक्षणमा यसको उपयोग प्रभावकारी रूपमा हुन सकेको छैन ।

### २.२.३.३ गोजी तालिका

कार्डबोर्ड वा कपडामा गोजीहरू राखेर विभिन्न किसिमका  पत्तीहरू प्रदर्शन गर्न मिल्ने गरी बनाइएको तालिका नै गोजी तालिका हो । गोजी तालिका आवश्यकता अनुसार विभिन्न आकारको बनाउन सकिन्छ ।

गोजी तालिका बनाउँदा १८”×२४”, २४”×२४”, २४” जुनसुकै आकारको कार्डबोर्डबाट पनि बनाउन सकिन्छ । यसमा ४”×५” आकारका पत्तीहरूको प्रयोग गरिने हुनाले पकेटको लम्बाइ ५” र उचाइ २” हुने गरी पट्याएर वा सिएर बनाउनु पर्दछ । यसरी निर्माण

गरिएको तालिकामा शब्दपत्ती र वाक्यपत्तीको सहायताले शब्दार्थ, वाक्यप्रयोग, व्याकरण नियम आदिको शिक्षण रोचक वा प्रभावकारी ढङ्गबाट गर्न सकिन्छ ।

### २.२.३.४ पत्तीहरू

पत्तीहरू गोजीतालिका वा फलाटिन बोर्डमा राखेर प्रदर्श गरिने सामग्रीहरू हुन् । नेपाली भाषा शिक्षणका तहमा पत्तीहरू अक्षरपत्ती, शब्दपत्ती, वाक्यपत्ती, चित्रपत्ती आदि विभिन्न प्रकारका हुन्छन् । पत्तीहरूको प्रयोग शब्दभण्डारको शिक्षण, व्याकरण शिक्षण, वाक्यगठन शिक्षण तथा अन्य भाषिक सीपको शिक्षणमा निकै प्रभावकारी मानिन्छ । यसको प्रयोगले विषयवस्तुको शिक्षणमा गतिशीलता आई शिक्षण रोचक, आकर्षक र प्रभावकारी हुने हुनाले भाषा शिक्षणमा यसको महत्त्व बढ्दै गएको छ । अक्षर, शब्द र चित्रका लागि ४”×५” नापको पत्ती र वाक्यका लागि डबल पकेटमा प्रयोग गर्ने गरी ८”×५” को पत्तीहरूको पनि प्रयोग गर्न सकिन्छ ।

### २.२.३.५ चित्रहरू

चित्रहरू महत्त्वपूर्ण दृश्य सामग्रीहरू हुन् । चित्रहरू शिक्षक निर्मित, विद्यार्थी निर्मित र सकङ्लित हुन सक्दछन् । वास्तविक वस्तु र प्रतिमूर्तिको समेत उपयोग गर्न नसकिने अवस्थामा चित्रहरू महत्त्वपूर्ण शिक्षण सामग्री हुन सक्दछन् । यसभित्र रेखाचित्र, व्यङ्ग्य चित्र, मानचित्र, तस्विर आदि कुराहरू प्रदर्शन गर्ने गरिन्छ । विषयवस्तुको भाव वा विचार स्पष्ट्याउन, पाठलाई रोचक बनाउन, शब्द अर्थ र व्याकरणिक नियमको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन चित्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यस्ता चित्रहरू स्पष्ट देख्न सकिने, विषयवस्तु अनुकूल, उदेश्य  हासिल गर्न सहायक हुने खालका हुनु पर्दछ ।

### २.२.३.६ चार्ट

भाषा शिक्षणलाई प्रभावकारी बनाउन तथ्य र चित्रको समन्वय गरी बनाइएको सामग्रीलाई चार्ट भनिन्छ । पाठको प्रकृति र प्रसङ्ग अनुसार विभिन्न प्रकारका चार्टहरू निर्माण गरी प्रयोगमा ल्याउँदा कक्षा शिक्षण सरल भई लक्षित उद्देश्यमा सजिलै पुग्न सकिन्छ । साहित्य शिक्षण गर्दा साहित्यिक धाराहरूको चार्ट, समय चार्ट आदि प्रयोगमा ल्याउन सकिन्छ ।

### २.२.३.७ प्रतिमूर्ति

कुनै ठूलो वस्तुको सानो नमुनालाई प्रतिमूर्ति भनिन्छ । कुनै वस्तुहरू त्यस्ता हुन्छन् जसलाई कक्षाभित्र ल्याएर शिक्षणमा उपयोग गर्न सकिँदैन । त्यसको दुरुस्त मूर्ति बनाई काम चलाउन सकिन्छ । अपरिचित वस्तुको धारणा बसाल्नका लागि प्रतिमूर्ति उपयोगी हुन्छन् ।

### २.२.३.८ तालिका

पाठ्यवस्तुमा आधारित प्रमुख बुँदा वा तथ्यहरूलाई छुट्टै कागजमा क्रमबद्ध रूपमा गरिने रेखीय प्रस्तुति नै तालिका हो । (शर्मा र पौडेल, २०६७:२०७) तालिकाको माध्यमबाट पाठ्यवस्तुलाई सरल रूपमा प्रस्तुत गरी व्यवहारिक ज्ञान हासिल गराउन सकिन्छ । व्याकरणात्मक कोटि, साहित्यका विभिन्न तत्त्वहरू, शब्द निर्माण प्रक्रिया आदि कुराहरूलाई तालिकाको माध्यमबाट प्रभावकारी रूपमा शिक्षण गर्न सकिन्छ ।

### २.२.३.९ पाठ्यपुस्तक

पाठ्यपुस्तक भाषा शिक्षणका सन्दर्भमा प्रयोग हुने पुरानो र भरपर्दो दृश्यात्मक शैक्षिक सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुरूप प्रत्येक कक्षाका लागि फरक फरक निर्माण गरिएका हुन्छन् । पाठ्यपुस्तकको सहयोगबाटै शिक्षकले योजनाबद्ध रूपमा शिक्षण गर्दछन् । विद्यार्थीलाई उपयुक्त अभ्यास गराउछन् र शिक्षण सिकाइको उपलब्धिको मूल्याङ्कन गर्दछन् । विद्यार्थीहरू पनि यसकै सहयोगबाट भाषिक सीपहरू सिक्दछन् । अभ्यास गर्दछन् , दोहोऱ्याइ, तेहेऱ्याई पढ्छन् , गृहकार्य गर्दछन् र भाषिक सबलता हासिल गर्दछन् । त्यसैले भाषा पाठ्यपुस्तकलाई भाषा शिक्षणको एक भरपर्दो र व्यवस्थित दृश्य सामग्रीको रूपमा लिन सकिन्छ (राई, शोधपत्र, २०६७ :२९)

### २.२.३.१० वास्तविक वस्तु

भाषा शिक्षणका सन्दर्भमा कुनै पनि वस्तुको वास्तविक धारणा बसाल्नका लागि वास्तविक वस्तु नै कक्षाकोठामा प्रस्तुत गर्न सकिन्छ । यस्ता वास्तविक वस्तुको माध्यमबाट कक्षा शिक्षणलाई रोचक बनाई प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

### २.२.३.११ चित्रपट्टिका (फिल्मस्ट्रिप)

चित्रपट्टिका प्रक्षेपकका माध्यमबाट प्रदर्शन गरिने सामग्री हो । नेपाली भाषाको व्याकरण शिक्षणका क्रममा आउने काल, पक्ष, वाक्य, वाच्यका प्रकारहरू शिक्षण गर्दा यसलाई उपयोगी सामग्रीका रूपमा लिइन्छ तर नेपाली शिक्षणका निम्ति हालसम्म यसको प्रयोग गर्ने गरेको पाइँदैन ।

### २.२.३.१२ शिक्षण मेसिन

भाषा सिकाइको क्षेत्रमा आधुनिक प्रविधिको रूपमा विकसित भएको उपकरण हो । यस्ता मेसिन स्वघोषित शिक्षण मेसिन, स्वशिक्षण मेसिन र श्रव्यदृश्य शिक्षण मेसिन गरी तीन प्रकारका हुन्छन् । यसको सहयोगले शिक्षक तथा विद्यार्थीलाई छोटो समयमा धेरै कुराहरूको ज्ञान प्राप्त गर्न सकिन्छ । यस्तो मेसिनमा एउटा भागमा समस्या लेख्ने र अर्को भागमा उत्तरका लागि वटम थिच्नुपर्ने हुन्छ अथवा कार्ड भरेर दिएपनि हुन्छ । यसरी मेसिनको माध्यमबाटै समस्या समाधान हुने हुनाले भाषा शिक्षणमा शिक्षण मेसिन एक उपयोगी साधन हो तर नेपालमा यो प्रविधि हालसम्म पनि भित्रिएको छैन ।

## २.२.४ श्रव्यदृश्य सामग्री

भाषा शिक्षणका सन्दर्भमा एकसाथ सुन्न र हेर्न सकिने सहायक सामग्रीहरू नै श्रव्यदृश्य सामग्री हुन् । यस्ता सामग्रीहरू चित्र र ध्वनियुक्त हुन्छन् । यसबाट धेरै हदसम्म वास्तविक परिवेशमा भाषा प्रस्तुत गर्न सफलता मिल्दछ । तर यस्ता सामग्रीहरू सामाजिक, सांस्कृतिक, राजनैतिक आदि कारणले परिवर्तन भइ रहने हुँदा यसको प्रयोगमा समस्या देखिन्छ। बढी समय खर्च हुने, लगानी बढी गर्नु पर्ने, आवश्यक साधन र स्रोत जुटाउनु पर्ने यसका दुर्लभ पक्ष मानिन्छन् तर पनि यसको प्रयोग गर्न सकिएमा मनोरञ्जनपूर्ण हुने हनाले विद्यार्थीको ध्यानाकर्षण गर्न सिकाइलाई सरल र सहज बनाउन सहयोग मिल्दछ । श्रव्यदृश्य सामग्रीका प्रकारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### २.२.४.१ चलचित्र

चलचित्र भाषा शिक्षणका क्षेत्रमा महत्त्वपूर्ण श्रव्यदृश्य सामग्री हो । विद्यार्थीको तह वा स्तर अनुसार उनीहरूको भाषिक सीपको अभिवृद्धि हुने गरी चलचित्रको निर्माण गर्नुपर्दछ र चलचित्र प्रदर्श गर्नु अगाडि त्यसमा निहित विषयवस्तुको बारेमा विद्यार्थीलाई पहिले नै प्रश्नहरू दिने र चलचित्र प्रदर्शनका क्रममा त्यसको उत्तर खोज्न लगाउनु राम्रो हुन्छ वा चलचित्र देखाइसकेपछि पनि त्यसका बारेमा कक्षामा छलफल गर्नु गराउनु पर्दछ र आवशयक परेमा चलचित्र दोहोऱ्याउनु पर्दछ । चलचित्र संक्षिप्त खालको हुनुपर्दछ र लक्षित उद्देश्य हासिल गर्नमा सहायक हुनु पर्दछ । तर नेपालमा नेपाली भाषा शिक्षणका लागि चलचित्र निर्माण र प्रयोग हुन सकेको पाइँदैन ।

### २.२.४.२ टेलिभिजन

भाषा शिक्षणका सन्दर्भमा प्रयोग गर्न सकिने महत्त्वपूर्ण श्रव्य दृश्य सामग्री टेलिभिजन हो । टेलिभिजनको माध्यमबाट शिक्षण गर्दा एक साथ देख्न र सुन्न सकिन्छ । एक साथ देखे सुनेका कुराहरू दीर्घकालीन हुने गर्दछन् । त्यसको प्रयोगले विद्यार्थीको ध्यानाकर्षण हुने, सिकाइ रूचिपूर्ण हुने हुनाले शिक्षण प्रभावकारी हुने गर्दछ । उच्चारण शिक्षण, वाक्यगठन शिक्षण तथा बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धिका लागि यसबाट प्रसारित कार्यक्रम उपयोगी हुन्छ । नेपालको सन्दर्भमा हेर्दा भौगोलिक विकटताका कारण यहाँका प्रत्येक ठाउँमा टेलिभिजन प्रसारण पुगेको छैन । हरेक नेपाली आर्थिक अवस्था कमजोर रहेकोले टेलिभिजन किनेर हेर्ने क्षमता पनि छैन र नेपाली टेलिभिजनले यस्ता कार्यक्रम प्रसारण गरेको पनि पाइँदैंन ।

### २.२.४.३ भाषा प्रयोगशाला

भाषा प्रयोगशालाको अवधारणा सन् १९९४ मा अमेरिकाको ओहियो विश्वविद्यालयद्वारा विकसित भएको हो । यो एक प्रकारको विशेष कक्ष हो । जहाँ ध्वनि यन्त्रहरूलाई व्यवस्थित गरिएको हुन्छ र विद्यार्थीहरू अभ्यासका आधारमा भाषा सिक्दछन् । यस्तो कक्षामा प्रत्येक विद्यार्थीका लागि अलग अलग सिटको व्यवस्था गरिएको हुन्छ । प्रत्येक सिटमा अलग अलग टेपरेकर्डर शीर्षध्वनि यन्त्रको व्यवस्था हुन्छ । कक्षा सञ्चालन गर्ने शिक्षकको सिट अगाडि प्रयोगशाला कक्षामा रहेका प्रत्येक विद्यार्थीको सिटमा जडित माइक्रोफोन र टेपरेकर्डको बोर्ड रहन्छ । यसैको सहयोगबाट शिक्षकले आवश्यक निर्देशन दिने र विद्यार्थीलाई प्रश्नहरू सोध्ने गर्दछन् भने विद्यार्थीले आवश्यक जानकारी लिने वा सोध्ने गर्दछन् । यसरी भाषा प्रयोगशाला भाषा शिक्षणलाई बढी प्रभावकारी, रोचक र अर्थपूर्ण बनाउनका निमित्त विकास गरिएको अवधारणा हो । (श्रेष्ठ, अप्रकाशित शोधपत्र, २०६४:२७)

### २.२.४.४ नाटकीकरण

अभिनयद्वारा भाषा शिक्षण गरी भाषिक सीप विकास गर्न नाटकीकरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसले एकातर्फ विद्यार्थीलाई मनोरञ्जन प्रदान गर्नुका साथै विद्यार्थीको रूचि जाग्ने गर्दछ । यसो भइसकेपछि स्वभाविक रूपमा भाषिक सीप हासिल हुने गर्दछ । यसबाट विद्यार्थीमा सहज रूपमा बोल्ने, हिचकिचावट हटेर जान्छ । नेपाली भाषा शिक्षणका सन्दर्भमा नाटक, एकाङ्की शिक्षण गर्दा यसको प्रयोग उपयुक्त हुन्छ ।

### २.२.५ स्पर्श सामग्री

भाषा शिक्षणका क्रममा यस्तो अवस्था पनि आउन सक्दछ जहाँ श्रव्य, दृश्य वा मौखिक कुनै पनि सामग्रीको प्रयोगले शिक्षण गर्न खोजिएको कुरा वा अनुभव गराउन खोजिएको धारणालाई स्पष्ट गर्न सकिँदैन । यस्तो अवस्थामा वास्तविक वस्तुको स्पर्श गरी धारणालाई स्पष्ट गर्न सकिन्छ त्यस्ता सामग्री नै स्पर्श सामग्री हुन् । नरम, कडा, गिलो, साह्रो,तातो, चिसो, अमिलो, पिरो, जस्तो धारणा दिन स्पर्श सामग्रीको प्रयोग गर्नु आवश्यक हुन्छ । खास गरी प्रारम्भिक तहका विद्यार्थीहरूको निम्ति यस्ता सामग्रीहरू उपयोगी हुन्छन् ।

## २.३ असल शैक्षिक सामग्रीका विशेषताहरू

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका छ । शैक्षिक सामग्री कक्षामा लगेर देखाउँदैमा मात्र प्रभावकारी हुँदैन यसले शिक्षण सिकाइमा सहयोग गर्न सक्नुपर्दछ । जस्तो पायो त्यस्तै शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा नकारात्मक असर पनि पर्न सक्दछ । अतः नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीमा निम्नलिखित गुणहरू हुनु पर्दछ :

(क) शैक्षिक सामग्रीले शिक्षण सिकाइको विशिष्ट उद्देश्य प्राप्तिमा सहयोग गर्न पर्दछ ।

(ख) शैक्षिक सामग्री विद्यार्थीको रूचि र उत्साह बृद्धि गर्ने खालको हुनु पर्दछ ।

(ग) शैक्षिक सामग्री विषयवस्तुसँग मिल्दो हुनु पर्दछ ।

(घ) शैक्षिक सामग्री सस्तो र सर्वसुलभ हुनु पर्दछ ।

(ङ) शैक्षिक सामग्री सफा र स्पष्ट हुनु पर्दछ ।

(च) शैक्षिक सामग्री ल्याउन, लैजान सजिलै सकिने हुनु पर्दछ ।

(छ) सबैले देख्न सक्ने गरी बनाइएको शैक्षिक सामग्री हुनु पर्दछ ।

(ज) स्थानिय, स्रोत र साधनले समेटने खालको हुनु पर्दछ ।

## २.४ शैक्षिक सामग्रीको उपयोगबाट हुने फाइदाहरू

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको निकै ठूलो महत्त्व रहेको छ । विद्यालय प्रशासन, शिक्षक र विद्यार्थीका रायलाई समेटी शैक्षिक सामग्रीको उपयोगबाट नेपाली भाषा शिक्षणमा हुने फाइदाहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :-

(क) शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइमा विद्यार्थीहरू सक्रिय हुन्छन् ।

(ख) विद्यार्थी छिटो बुझ्ने गर्दछन् ।

(ग) शिक्षण सिकाइ प्रभावकारी हुन्छ ।

(घ) शिक्षण सिकाइ सहज हुन्छ ।

(ङ) कक्षा प्रस्तुति रोचक र आकर्षक हुन्छ ।

(च) शिक्षण सिकाइ रूचिपूर्ण हुन्छ ।

(छ) कक्षाकोठमा शिक्षकले कम मिहिनेत गरे पुग्दछ ।

(ज) अमूर्त कुराहरूलाई मूर्त बनाई प्रस्तुत गर्न सकिन्छ ।

(झ) गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ।

(ञ) सिकाइ दिगो हुन्छ ।

## २.५ निष्कर्ष

शिक्षण सिकाइलाई रोचक, स्पष्ट, प्रभावकारी र दिगो बनाउन प्रयोग गरिने साधनलाई शैक्षिक सामग्री भनिन्छ । सिकाइका उद्देश्यहरू पूरा गर्न शैक्षिक सामग्रीले भाषा शिक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । माथि  उल्लेख गरिएका शैक्षिक सामग्रीहरू मध्ये कालोपाटी, मौखिक सामग्री, पाठ्यपुस्तक अत्याधिक रूपमा शिक्षणमा प्रयोग गरिएका भेटिन्छन् भने तस्वीर, चित्र, तालिका, पत्तीहरू आवश्यकता अनुसार प्रयोग हुने गरेको देखिन्छ साथै टेलिभिजन, चलचित्र, प्रक्षेपक महङ्गो झन्जटिलो हुने हुँदा साह्रै कम प्रयोग भएको पाइन्छ । जे होस् शैक्षिक सामग्रीले अूमर्त कुराहरूलाई सरल बनाउन, भावलाई स्पष्ट पार्न सहयोग गर्दछ । शिक्षण सिकाइलाई रूचिपूर्ण, प्रभावकारी बनाई शिक्षण गर्न शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य देखिन्छ । नेपाली भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । भाषाका सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को शिक्षणलाई प्रभावकारी बनाउन, शिक्षण दिगो र चिरस्थायी गराउन शैक्षिक सामग्रीको भूमिका अपरिहार्य रहेको छ । विद्यार्थीहरूले देखेर, सुनेर, सिकेको सिकाइले उनीहरू शिक्षणप्रति उत्साहित हुने हुनाले नेपाली भाषा शिक्षणका उद्देश्यहरू पूरा गर्नको निम्ति नेपालीमा भाषा शिक्षणमा शैक्षिक सामग्रीको महत्त्व रहेको छ ।

## परिच्छेद : तीन

# ता.न.पा. भित्रका संस्थागत माध्यमिक विद्यालयमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति

### ३.१ विषय प्रवेश

प्रस्तुत शोध कार्यका लागि पाल्पा जिल्लाका तानसेन नगर स्थित निजी माध्यमिक तहका ७ वटा विद्यालयमा गई त्यहाँको स्थलगत सर्वेक्षण, माध्यमिक तहमा भइरहेको नेपाली विषयको कक्षा अवलोकन तथा निरीक्षण गर्दै नेपाली भाषा शिक्षणका निम्ति विद्यालयमा शैक्षिक सामग्रीको अवस्था, तिनको भूमिका तथा प्रभाव, शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या र ती समस्या समाधानका उपायहरूका सम्बन्धमा शोध विद्यालयका नेपाली भाषा शिक्षक, विद्यार्थी र प्रधानाध्यापकसँगको छलफल र प्रश्नावलीबाट जे जति कुराहरू प्राप्त भए तिनै कुराहरूको आधारमा यो शोधपत्र तयार गरिएको छ ।

पाल्पा जिल्ला भौगोलिक हिसाबले पहाडी जिल्ला हो । पाल्पा जिल्लामा अवस्थित सुन्दर नगर तानसेन हावापानीको दृष्टिकोणले सुन्दर, सफा र रमणीय नगरी मानिन्छ । पाल्पा जिल्लामा ३ निर्वाचन क्षेत्र र ६४ गा.वि.स.स.हरू रहेका छन् । सबै गा.वि.स.मा माध्यमिक तह सम्मका विद्यालय रहेका छन् । जिल्लाको शैक्षिक अवस्थालाई हेर्दा ५९ उच्च मा.वि. ५७ मा.वि. १०१ नि.मा.वि.र २८२ प्रा.वि. रहेका छन् ।

शोध प्रयोजनको लागि बजार क्षेत्र अर्थात् ता.न.पा. भित्रका ७ ओटा संस्थागत माध्यमिक विद्यालयलाई छनोट गरिएको छ । ती यसप्रकार छन् :

१. न्यू होराइजन उ.मा.वि.
२. पाल्पा आवासीय उ.मा.वि.
३. प्रिपेरेटरी मा.वि.
४. सेन्ट कपितानियो मा.वि.
५. बेथल मा.वि.
६. प्रशान्ति मा.वि.
७. बृन्दावन एकेडमी

शोध लेखनका लागि माथि उल्लेखित विद्यालयहरूमा स्वयम् उपस्थित भई विद्यालयका प्राचार्य, नेपाली भाषा शिक्षक तथा विद्यार्थीहरूसँग प्रत्यक्ष भेटघाट गरी छलफल, प्रश्नावली र नेपाली भाषा शिक्षणको अवलोकन गरी ती विद्यालयहरूमा शैक्षिक सामग्रीको उपयोगको बारेमा जानकारी लिदै । तिनै जानकारीहरूलाई तालिकीकरण र व्याख्या विश्लेषण गरी यस शोधपत्रमा

प्रस्तुत गरिएको छ । शैक्षिक सामग्रीहरूको उपयोग गरी पठन पाठनमा सुधार ल्याउन विद्यालयको व्यवस्थापन पक्षले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालयको व्यवस्थापन सबल भएमा मात्र शिक्षण कार्यमा सुधार आउँछ । यसका लागि विद्यालयको व्यवस्थापन पक्ष सबल भएमा मात्र शिक्षण कार्यमा सुधार आउँछ । विद्यालयको आर्थिक तथा भौतिक अवस्था, तालिमका प्राप्त शिक्षक, विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको व्यवस्था, उपयुक्त खालको कक्षाकोठा, विद्यार्थीका लागि पर्याप्त डेक्स बेन्चको व्यवस्था तथा अध्यापन कार्यमा खटिने शिक्षकको योग्यता, दक्षता आवश्यक भएकाले ती पक्षहरूको सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

## ३.२ शोध विद्यालयहरूको वर्तमान अवस्था

विद्यालयको पठनपाठन वा विद्यार्थीको शिक्षण सिकाइमा विद्यालयको भौतिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । भौतिक अवस्था सुदृढ नभएसम्म शिक्षण सिकाइ क्रियाकलापले पूर्णता पाउन सक्दैन । यसका लागि कक्षाकोठाको आकार प्रकार उपयुक्त हुनु पर्ने, कालोपाटी उपयुक्त स्थानमा राखिएको हुनु पर्ने, विद्यार्थीको लागि बेन्च डेस्क पर्याप्त मात्रामा हुनु पर्ने, त्यस्तै शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि सुरक्षित स्थानमा राख्ने व्यवस्था पनि हुनु पर्ने जस्ता कुराहरूले महत्त्व राख्दछन् । यदि यी कुराहरूको उचित व्यवस्थापन हुन सकेन भने विद्यार्थीले सरल तरिकाले सिक्ने वातावरण पाउन सक्दैन र विद्यार्थीको सिकाइ कमजोर भई विद्यालयले राम्रो नतिजा प्राप्त गर्न सक्दैन । यसकारण सिकाइलाई सरल, सहज, प्रभावकारी र उद्देश्यमूलक बनाई उत्कृष्ट नतिजा प्राप्त गर्न सर्वप्रथम भौतिक अवस्थाको अध्ययन महत्त्वपूर्ण हुन्छ ।

### ३.२.१ भौतिक अवस्था

प्रस्तुत अध्यनयमा शोधकार्यका लागि छनोट गरिएका ७ ओटा विद्यालयमा देखिएका भौतिक अवस्थाको विवरणलाई आधार बनाई यस विषयको व्याख्या विश्लेषण गरिएको छ । शोध कार्यका लागि छनोट भएका विद्यालयहरू सबै संस्थागत विद्यालय भएकाले यिनीहरूको भौतिक पूर्वाधार विद्यार्थीहरूको शुल्क र सङ्ख्यामा आधारित रहेको छ । ७ ओटा निजी विद्यालय मध्ये १८०० विद्यार्थी सङ्ख्या भएको न्यू होराइजन उ.मा.वि. काजिपौवा प्राङ्गणमा अवस्थित विद्यालयको अत्याधुनिक भवन, ठूला फराकिला कक्षाकोठा, आधुनिक फर्निचर, मार्कर बोर्डको प्रयोग भएको पाइन्छ । त्यसैगरी ७०० जति विद्यार्थी सङ्ख्या भएको विदेशी लगानीबाट बनेको सेन्ट कपितानियोको पनि विद्यालय अत्याधुनिक भवन, कक्षाकोठा, फर्निचरको उचित व्यवस्था

भएको पाइन्छ । करिब ६०० विद्यार्थी सङ्ख्या भएको वेथल मा.वि.को पनि अत्याधुनिक नयाँ भवन रहेको तर सानो क्षेत्रफलमा भएकाले कक्षाकोठा साना र खेल मैदान पनि सानै रहेका छन्। अध्ययन सन्दर्भबाट समग्रमा यी तीन विद्यालय अरू ४ विद्यालयको तुलनामा भौतिक अवस्था राम्रा भएका विद्यालय मानिन्छन् । त्यस्तै प्रिपेरेटरी मा.वि., प्रशान्ति मा.वि., पाल्पा आवासीय उ.मा.वि. र बृन्दावन एकेडेमी टिनको छानो भएका र बजारको नजिक भए पनि यी विद्यालयहरूका भवनहरू माटो र ढुङ्गाले निर्मित कच्ची छन् ।

भौतिक पूर्वाधार जस्तो भए पनि समग्रमा ७ ओटै विद्यालयमा कम्प्युटरको उचित व्यवस्था भएको, कार्यालयहरू उपयुक्त तरिकाले सजाइएको छ भने यहाँ रहेका शैक्षिक सामग्रीहरू भने यत्रतत्र छरिएर रहेको पाइन्छ । न्यू होराइजन उ.मा.वि. र सेन्ट कपितानियो मा.वि.मा अन्य विद्यालयको तुलनामा आकर्षक, मनोरम खेल मैदान रहेको छ भने सबै विद्यालयहरूका कक्षाकोठामा विद्युत जडान गरेको पाइन्छ । अतः भौतिक पूर्वाधारका उल्लिखित सन्दर्भबाट समग्रमा यी विद्यालयहरू सम्पन्न र सुविधायुक्त छन् ।

### ३.२.२ आर्थिक अवस्था

विद्यालयको भौतिक व्यवस्थापन तथा शैक्षिक सामग्री व्यवस्थापनमा आर्थिक पक्षले प्रभाव पारेको हुन्छ । जुन विद्यालय आर्थिक रूपमा सबल छन् ती विद्यालयले भौतिक व्यवस्थापन सहज रूपमा गर्न सक्ने र आर्थिक पक्षमा कमजोर विद्यालयले भौतिक व्यवस्थापनमा कठिनाइ व्यहोर्नु पर्ने हुनाले उचित व्यस्थापनका लागि विद्यालयलको आर्थिक अवस्था सबल हुनु आवश्यक छ । ७ विद्यालयमध्ये सेन्ट कपितानियो मा.वि. विदेशी लगानीमा बनेको भए पनि अरू सबै विद्यालयको आर्थिक स्रोत विद्यार्थीहरूबाट उठाइएको शुल्क भएकाले विद्यार्थी संङ्ख्या राम्रो भएको विद्यालय न्यू होराइजन उ.मा.वि. सबल देखिन्छ । त्यहाँका शिक्षक कर्मचारीहरूले पनि सेवा सुविधा राम्रै पाएका छन् भने शैक्षिक सामग्रीहरूको उपलब्धता पनि राम्रै पाइन्छ तर अरू विद्यालयहरूमा थोरै विद्यार्थी सङ्ख्या, न्यून शुल्क भएकाले आर्थिक पक्ष कमजोर देखिन्छ र उपयुक्त सुविधा विना ती शिक्षण संस्थामा सेवा गरेका शिक्षक र कर्मचारीहरूले प्रयोग गर्ने शैक्षिक सामग्रीहरू न्यून मूल्यका रहेका पाइन्छन । अतः यी विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धतामा कमी भएकाले प्रभावकारी शिक्षण सिकाइमा कठिनाइ रहेको पाइन्छ ।

### ३.२.३ विद्यार्थी सङ्ख्याको सापेक्षतामा कक्षाकोठाको अवस्था

विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षाकोठाको व्यवस्था गरिनु पर्दछ । कक्षाकोठा फराकिलो, प्रशस्त हावा र प्रकाश छिर्ने हुनु आवश्यक छ । विद्यार्थी संख्या र कक्षाकोठाको अवस्थाले पनि शैक्षिक सामग्रीको उपयोगमा प्रभाव पार्दछ । विद्यार्थी सङ्ख्या बढी हुनु, कक्षा कोठा साँगुरो र अँध्यारो हुनुजस्ता कारणले शैक्षिक सामग्री उपयोगमा कठिनाइ उत्पन्न हुने गर्दछ । त्यसैगरी कक्षाकोठामा विद्यार्थी बस्नका लागि डेस्क, बेन्च पनि पर्याप्त हुनु पर्दछ । सामान्यतया एउटा कक्षामा ४०-४५ जनासम्म विद्यार्थी राख्नु उपयुक्त हुन्छ । तर शिक्षक दरबन्दी र कक्षाकोठाको अभावमा ५० जनासम्म विद्यार्थीहरूलाई राखिएको देखिन्छ । यस्तो अवस्थामा शिक्षकले गृहकार्य हेर्न तथा कमजोर विद्यार्थीलाई उचित ध्यान दिन नसक्ने देखिन्छ । शोध अध्ययनका क्रममा ३ वटा सेक्सन भएर पनि न्यू होराइजन उ.मा.वि.मा विद्यार्थीको चाप बढीनै देखिन्छ । विद्यार्थीको चाप बढी भए पनि कक्षाको क्षेत्रफल ठूलो भएको र पर्याप्त बेन्च, डेस्कहरू यहाँ रहेका पाइन्छन्। अतः यी ७ वटै विद्यालयको कक्षाकोठाको अवस्था र विद्यार्थी सङ्ख्यालाई तलको तालिकाबाट पारिएको छ ।

**तालिका नं. २**

**विद्यार्थी सङ्ख्या र कक्षाकोठाको अवस्था**

**विद्यालयको नामः** न्यू होराइजन उ.मा.वि. **भवन संख्या :** १०

| क्र.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | २४+२७+३० | २०+२४+१७ | १४२ | √ | | √ | | |
| २ | १० | २६+२७+२२ +२२ | २०+१३+१४ +१७ | १६१ | √ | | √ | | |

उपरोक्त तालिका अनुसार न्यू होराइजन उ.मा.वि. विद्यार्थीको धेरै चाप रहेको र कक्षा ९ मा ३ वटा र कक्षा १० मा ४ वटा सेक्सन रहेको पाइन्छ । विद्यार्थीको चाप भए पनि डेक्स बेन्चको उचित व्यवस्था मिलाइएको दखिन्छ ।

### ताालिका नं. ३

### विद्यार्थी संख्या र कक्षाकोठाको अवस्था

**विद्यालयको नामः** पाल्पा आवासीय उ.मा.वि. **भवन संख्या** : ५

| क.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | २५ | २१ | ४६ | | √ | √ | | |
| २ | १० | १९ | १३ | ३२ | | √ | √ | | |

पाल्पा आवासीय उ.मा.वि. को माध्यमिक तहमा विद्यार्थीको चाप बढी नभएकाले पर्याप्त डेक्स, बेन्चको सुविधा रहेको र विद्यालयको विद्यार्थी अनुपात पनि सामान्य पाइन्छ ।

### तालिका नं. ४

### विद्यार्थी संख्या र कक्षाकोठाको अवस्था

**विद्यालयको नाम**ः सेन्ट कपितानियो **भवन संख्या** : ४

| क.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | २४ | १३ | ३७ | | √ | √ | | |
| २ | १० | २२ | १४ | ३६ | | √ | √ | | |

माथिको तालिका अनुसार सेन्ट कपितानियो विद्यालयको मा.वि. तहमा विद्यार्थी अनुपात सामान्य भएकाले डेक्स, बेन्चको पर्याप्तता छ र यस विद्यालयका कक्षा ९ र १० मा हालका वर्षमा सेक्सन खोल्नु पर्ने अवस्था छैन ।

### तालिका नं. ५

### विद्यार्थी संख्या र कक्षाकोठाको अवस्था

**विद्यालयको नामः** वेथल मा.वि. **भवन संख्या** : ३

| क.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | २८ | १९ | ४७ | | √ | √ | | |
| २ | १० | १६ | १७ | ३३ | | √ | √ | | |

उपरोक्त तालिका अनुसार बेथल मा.वि.को विद्यार्थीको चाप नभएकाले विद्यार्थीको सापेक्षतामा बेन्च डेक्स पर्याप्त भएको पाइन्छ ।

**तालिका नं. ६**

**विद्यार्थी संख्या र कक्षाकोठाको अवस्था**

**विद्यालयको नामः** प्रिपेरेटरी मा.वि. **भवन संख्या** : ४

| क्र.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | ९ | १४ | २३ | | √ | √ | | |
| २ | १० | २० | ९ | २९ | | √ | √ | | |

यसैगरी तालिका अनुसार प्रिपेरेटरी मा.वि.को विद्यार्थी संख्या ठीकै देखिन्छ । विद्यार्थीको अनुपातामा डेक्स बेन्चहरू र कक्षाकोठाहरू पर्याप्त रहेका छन् ।

**तालिका नं. ७**

**विद्यार्थी संख्या र कक्षाकोठाको अवस्था**

**विद्यालयको नामः** प्रशान्ति मा.वि. **भवन संख्या** : ४

| क्र.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | ८ | ७ | १५ | | √ | √ | | |
| २ | १० | ७ | ५ | १२ | | √ | √ | | |

माथिको तालिकाअनुसार प्रशान्ति मा.वि.को कक्षा ९ र १० मा विद्यार्थी सङ्ख्या न्यून भएकाले डेक्स बेन्चको पर्याप्तता अधिक देखिन्छ ।

**तालिका नं. ८**

**विद्यार्थी संख्या र कक्षाकोठाको अवस्था**

**विद्यालयको नामः** बृन्दावन एकेडेमी **भवन संख्या** : ४

| क्र.सं. | कक्षा | छात्र | छात्रा | जम्मा | विद्यार्थी चाप | | डेक्स, बेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | ९ | ९ | ० | ९ | | √ | √ | | |
| २ | १० | ५ | २ | ७ | | √ | √ | | |

माथिको तालिकाअनुसार बृन्दावन एकेडेमीमा पनि विद्यार्थी संख्या साह्रै कम रहेको र बेन्च, डेक्सको पर्याप्तता उचित रहेको पाइन्छ ।

## ३.३ नेपाली भाषा शिक्षकहरूको शैक्षिक स्थिति

भाषा शिक्षणमा प्रभावकारी ल्याउन भाषा शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा शिक्षण गर्ने शिक्षक योग्य, दक्ष लगनशील तथा पेशाप्रति इमान्दार हुनुपर्दछ । यदि छैन भने विद्यालयमा जतिसुकै उपयुक्त खालका शैक्षिक सामग्रीहरू भए पनि तिनको सदुपयोग हुन सक्दैन। शैक्षिक सामग्रीलाई विषयवस्तुको प्रसङ्ग अनुकूल र लक्षित उद्देश्य हासिल हुनसक्ने गरी कुशलता पूर्वक उपयोगमा ल्याउन तालिम प्राप्त शिक्षकहरूको आवश्यकता पर्दछ । निजी विद्यालयमा सरकारी विद्यालयमा जस्तै गरी शिक्षकहरूलाई उचित तालिमको व्यवस्था गरिएका देखिदैन । शिक्षाशास्त्र सङ्कायबाट उत्तीर्ण गरेका शिक्षकहरूमा शिक्षण सामग्री प्रयोग र निर्माणको ज्ञान पाइए तापनि अन्य सङ्कायबाट आएका शिक्षकहरूमा शिक्षण सामग्रीको प्रयोग र निर्माणको बारेमा तालिमको अभावले विषयवस्तुको ज्ञान भएर पनि शिक्षण सामग्रीको प्रयोगमा धेरै समस्या रहेको पाइन्छ । त्यस्तै गरी संस्थागत विद्यालयहरूमा योग्य शिक्षकहरू, जसले स्नातकोत्तर तह गरिसकेका भए पनि नि.मा.वि. तहमा रही मा.वि. तहसम्मको अध्यापन गरेका छन् र धेरै जसो  नेपाली विषयका शिक्षकहरूले शिक्षाशास्त्र संकाय अन्तर्गतको एक वर्षे तथा तीन वर्षे बी.एड. गरेका छन् जुन कुरा तलको तालिकाले स्पष्ट पारेको छ ।

**तालिका नं. ९**

प्रस्तुत शोधकार्य जिल्ला नगरभित्रका ७ ओटा संस्थागत मा.वि. तहमा आधारित भएर गरिएको छ । जस अन्तर्गत शोध विद्यालय तथा नेपाली शिक्षकहरूको शैक्षिक स्थिति निम्नानुसार रहेको छ :-

| क्र.सं. | विद्यालयको नाम | नेपाली शिक्षकको नाम | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | न्यू होराइजन उ.मा.वि. | टंकप्रसाद पन्थ | एम.ए./एम.एड. |
| २ | न्यू होराइजन उ.मा.वि. | मोतीबहादुर के.सी. | एम.ए./बी.एड. |
| ३ | न्यू होराइजन उ.मा.वि. | चतुर्भुज नेपाल | बी.एड. |
| ४ | पाल्पा आवासीय उ.मा.वि. | सानु श्रेष्ठ | एम.ए. |
| ५ | सेन्ट कपितानियो मा.वि. | तुलसीराम पोखरेल | एम.ए./बी.एड. |
| ६ | बेथल मा.वि. | महेन्द्र पन्थी | एम.ए. |
| ७ | प्रिपेरेटरी मा.वि. | माया गुरूङ | एम.ए./बी.एड. |
| ८ | प्रशान्ति एकेडेमी | सुलेखा थापा | बी.ए./बी.एड.. |
| ९ | बृन्दावन एकेडमी | भगवती खनाल | एम.ए./बी.एड. |

उल्लिखित तालिकाले के कुरा स्पष्ट पारेको छ भने नमुना छनोटमा परेका विद्यालयका धेरै शिक्षकहरूले बी.एड. पास गरेको हुनाले तालिम प्राप्त देखिन्छन् तर पनि विद्यालयमा शैक्षिक सामग्रीको उचित प्रयोग नभएको कुरा कक्षा अवलोकनले देखाएको छ । विद्यालयमा

पर्याप्त शैक्षिक सामग्री उपलब्ध हुन सकेका छैनन्, पेशाप्रति समर्पित भई काम गर्ने लगनशील शिक्षककहरूको कामको उचित मूल्याङ्कन गरी प्रोत्साहित गर्नुको साटो उनीहरूलाई झन पछाडि पार्ने कार्य हुने गरिएकाले दक्ष र लगनशील शिक्षकको मनोबल घट्दै गएकाले शैक्षिक सामग्रीको उपयोगमा उदासीनता देखिएको छ । साथै उचित अनुगमन र सुझावको अभावमा कतिपय शिक्षकहरू अन्योलमा रहेकाले शैक्षिक सामग्रीको उपयोगमा प्रभावकारिता आउन नसकेको देखिन्छ । यसप्रति सम्बन्धित निकालयले बढीभन्दा बढी ध्यान दिनुपर्ने आवश्यकता छ । यसो भएमा शिक्षकहरू सधैं कामप्रति जागरूक हुन सक्छन् ।

## ३.४ तानसेन नगरभित्रका संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको उपयोगको स्थिति

सिकाइप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्न उत्साहपूर्वक कक्षा क्रियाकलापमा भाग लिने वातावरण बनाउन र शिक्षण सिकाइलाई सरल एवं सुबोध तुल्याउनका निम्ति शिक्षण सहायक सामग्रीहरूको आवश्यकता पर्दछ । त्यस्तै सहायक सामग्रीको यथोचित प्रयोग गर्नाले विद्यार्थीहरूमा कुनै पनि विषयवस्तुको सही धारणा बसाउने, तार्किक क्षमता अभिवृद्धि गराउन सकिने, उनीहरूको कल्पना  शक्तिलाई बढाउन ज्ञान तथा अनुभवको क्षेत्रलाई व्यापक तुल्याउन, विद्यार्थीको सक्रिय सहभागिता बढाउन तथा सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न समेत सहायक सामग्रीहरू महत्त्वपूर्ण हुन्छन् (पौडल, २०६६:४०६) ।

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरामा दुईमत छैन । भाषाका विभिन्न सीपहरूको विकास, शब्दार्थ शिक्षण तथा व्याकरणका विभिन्न रूप, शब्द तथा वाक्य निर्माण आदि कुरा सिकाउनका लागि शैक्षिक सामग्रीले सहजता प्रदान गर्दछ । नेपालको सन्दर्भमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु हुनु पूर्व व्याख्यान विधिको प्रयोग गर्ने र विद्यार्थीलाई घोकाउने परम्परा कायम थियो तर राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि विद्यार्थीलाई घोकाउने प्रवत्तिको अन्त्य गरी शैक्षिक सामग्रीको प्रयोग गरेर कार्यकलापयुक्त शिक्षण गर्नुपर्ने धारणा अगाडि बढेको पाइन्छ तर वर्तमान अवस्थासम्म आइपुग्दा पनि शैक्षिक सामग्रीको नाममा कालोपाटी/सेतोपाटी, चक/मार्कर, डस्टर जस्ता सामग्रीको मात्र भर परी शिक्षण गरेको पाइन्छ । भाषा शिक्षणलाई प्रभावकारी तुल्याउन श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्री प्रयोग हुनु नितान्त आवश्यक छ ।

शोध क्षेत्रका विद्यालयहरूमा अध्ययनका क्रममा कालोपाटीमाको र न्यू होराइजन उ.मा.वि.को नि.मा.वि. र मा.वि. तहमा सेतो पाटी अर्थात् मार्कर बोर्डको प्रयोग भएको पाइन्छ । कालोपाटीमा मिति, विषय, पाठशीर्षक, पाठ्यविधा लेख्ने तथा शिक्षणका क्रममा आवश्यकता

अनुसारका उदाहरण दिने, शब्दार्थ लेख्ने, प्रश्नोत्तर गराउने जस्ता कार्यहरू गराउने गरेको र अन्य सामग्री प्रयोग चाहिँ प्रश्न गर्दा प्रयोग गरिन्छ भन्ने उत्तर दिए तापनि कक्षा अवलोकनमा बेला अन्य सामग्रीहरू साह्रै कम मात्रामा प्रयोग गरेको पाइएको छ । विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ भनी प्र.अ.लाई सोधिएको प्रश्नमा सामान्य र ठीकै छ भन्ने उत्तर आएबाट सबै विद्यालयमा शैक्षिक सामग्री पर्याप्त मात्रामा नभएको कुरा स्पष्ट हुन आउँछ । विद्यालयमा उपलब्ध सामग्रीहरूमा पत्तीहरू, चित्रहरू, तस्विर, चार्ट, गोजीतालिका, रेडियो, कम्प्युटरहरू रहेका छन् । शैक्षिक सामग्रीको उचित प्रयोगले सिकाइ दिगो हुने, कक्षा शिक्षण रोचक र आकर्षक हुने, बुझ्न र बुझाउन सजिलो हुने, शिक्षण सिकाइ विद्यार्थी केन्द्रित हुने, विद्यार्थीमा रूचि उत्पन्न हुने, सिकाइ उद्देश्यमूलक हुने भन्ने कुराको जानकारी भएर पनि नेपाली शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोग अत्यन्तै न्यून रहेको र परम्परागत व्याख्यान विधिकै प्रयोग बढी मात्रामा हुने गरेको छ । शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीले सिकाइ कति दिगो हुन्छ ? भन्ने कुरालाई न्यू होराइजन उ.मा.वि.मा कक्षा १० मा अध्ययनरत छात्रा आबरू पन्थको प्रतिक्रियालाई लिन सकिन्छ । उनलाई टंक सरले प्रश्नोत्तर कविताको कविपरिचय पढाउँदा देखाउनुभएको भानुभक्त आचार्यको फोटोले उनको जीवनी स्मरण भइरहेको छ ।

शैक्षिक सामग्रीको उचित प्रयोग हुन नसक्नुमा स्वयम् भाषा शिक्षक, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, सामग्रीको अपर्याप्तता र आर्थिक कठिनाइ जस्ता कुराहरू जिम्मेवार रहेको कुरा भाषा शिक्षकले प्रश्नावलीको उत्तरमा उल्लेख गरेका छन् । विद्यालयमा थोरै विद्यार्थी संख्या, न्यून मासिक शुल्क लिनुपर्ने बाध्यता आदि कारणले शैक्षिक सामग्रीको उपलब्धतामा कठिनाइ रहेको कुरा विद्यालयका प्राचार्य मार्फत् जानकारी पाइएको भने यसैगरी पेसाप्रति आस्थावान् र परिश्रमी शिक्षकको उचित मूल्याङ्कन नहुनु, उनीहरूलाई उचित प्रोत्साहनको व्यवस्था नहुनु, अयोग्य शिक्षकहरूलाई आफूखुसी पुरस्कार दिने, स्तर उन्नति गर्ने गर्दा योग्य र सक्षम शिक्षक खिन्नतापूर्वक शिक्षण गर्नुपर्ने बाध्यता निजी विद्यालयमा पाइन्छ । यस्तै आर्थिक समस्याबाट जोगिन प्राचार्य तथा विद्यालय व्यवस्थापन समितिले धेरै पैसा पर्ने शैक्षिक सामग्री खरिद नगरिदिने, खरिदमा चासो नदिएको देखिन्छ ।

शिक्षा क्षेत्रमा निजी क्षेत्रको भूमिकालाई नकार्न सकिदैन । संस्थागत विद्यालयको ९०/९५ प्रतिशत रिजल्टले नै जिल्लाको शिक्षा क्षेत्रको नाक राखेको छ तर जिल्ला शिक्षा

कार्यालयले निजी विद्यालयका शैक्षिक समस्याका बारेमा, शिक्षकहरूको अवस्थाका बारेमा, तालिमका सम्बन्धमा कुनै चासो एवं खबरदारी गरेको देखिदैन ।

नेपाली भाषा शिक्षकलाई उनीहरूको पेसागत दक्षता अभिवृद्धिका लागि शैक्षिक तथा सामग्री निर्माण र प्रयोग सम्बन्धमा आवधिक तथा पुनर्ताजगी तालिमको आवश्यकता रहेको कुरा शोध क्षेत्रका शिक्षकहरूले महसुस गरेको पाइन्छ तर शैक्षिक सामग्री निर्माण गर्ने, सङ्कलन गर्ने, शैक्षिक सामग्रीको प्रयोग र तिनको महत्त्व दर्शाउने तालिमको व्यवस्थाप्रति कसैले पनि ध्यान दिएको पाइँदैन । शैक्षिक सामग्री निर्माण र सङ्कलनका लागि भरपर्दो आयस्रोत पनि कतै देखिदैन । यिनै विविध कारणहरूले गर्दा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको अवस्था दयनीय हुन पुगेको पाइन्छ ।

### ३.४.१ शोध विद्यालयहरूमा दैनिक प्रयोगका शैक्षिक सामग्री प्रयोगको स्थिति

शोध क्षेत्रका निर्धारित ७ ओटा विद्यालयमा भएका दैनिक प्रयोगका शैक्षिक सामग्री प्रयोगका अवस्था निम्नानसुसार छ :-

**तालिका नं.१०**

**शोध विद्यालयहरूमा दैनिक प्रयोगका शैक्षिक सामग्री प्रयोगको स्थिति**

| क्र.सं | शैक्षिक सामग्रीको नाम | प्रयोग गर्ने सङ्ख्या | | प्रयोग नगर्ने सङ्ख्या | | प्रयोग गर्ने | प्रयोग नगर्ने |
|---|---|---|---|---|---|---|---|
| | | ता.प्रा. | ता.अ.प्रा. | ता.प्रा. | ता.अ.प्रा. | गर्ने | नगर्ने |
| १ | कालोपाटी | ४ | २ | ३ | - | ६६.६६% | |
| २ | मार्कर बोर्ड | ३ | - | ४ | २ | ३३.३३% | |
| ३ | चक, डस्टर | ७ | २ | - | - | १००% | |
| ४ | पाठ्यपुस्तक | ७ | २ | - | - | १००% | |
| | सन्दर्भ सामग्री | ५ | - | २ | २ | ५५% | ४५% |

शोध क्षेत्रका ९ जना शिक्षकहरू सबै चक डस्टर कालोपाटी/मार्करबोर्ड र पाठ्यपुस्तकको राम्रो उपयोग गरेको देखिन्छ । सन्दर्भ सामग्रीको प्रयोग भने ७ जना तालिम प्राप्त शिक्षक मध्ये ५ जनाले गरेका छन् भने बाँकी ४ जनाले नगरेको पाइन्छ । अतः उल्लिखित तालिकाअनुसार समग्रमा कालोपाटी चक, डस्टर र पाठ्यपुस्तकको प्रयोग शतप्रतिशत शिक्षकले गरेको पाइन्छ भने ५५% शिक्षकले सन्दर्भ सामग्री र भाषा शिक्षणका सामग्रीको प्रयोग गरेको र ४५% ले नगरेको देखिन्छ ।

### ३.४.२ शोध विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र तिनको उपयोगको स्थिति

शोध अध्ययनका क्रममा नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने शोध विद्यालयमा उपलब्ध शिक्षण सामग्रीको स्थितिलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :-

माथिको तालिकाको आधारमा के भन्न सकिन्छ भने शोध क्षेत्रका सबै विद्यालयहरूमा पर्याप्त मात्रामा नभए पनि शैक्षिक सामग्रीहरू छन् र आवश्यकता अनुसार तिनीहरूको उपयोग पनि हुने गरेको छ । सामग्रीहरूको निर्माणमा विद्यालय प्रशासन तथा शिक्षक दुबै उदासीन रहेको पाइए तापनि विद्यालयमा जेजति सामग्रीहरू छन् तिनको प्रयोग गर्नु पर्दछ भन्ने सकारात्मक दृष्टिकोण सबैमा रहेको पाइन्छ । अध्ययनका क्रममा सामग्री खरिद र निर्माणका लागि रकमको व्यवस्था नहुनु, विद्यालयमा भएका सामग्रीको प्रयोग गरी शिक्षण गर्दा शिक्षण कार्य ढिलो भई निर्धारित पाठ्यांश सिध्याउन कठिन हुनु जस्ता कारणहरूले गर्दा शिक्षण कार्य व्याख्यान विधिबाट नै चल्ने गरेको छ । यस शोध कार्यको सर्वेक्षणको सिलसिलामा विद्यालयमा शैक्षिक सामग्रीको उपयोगका सन्दर्भमा पाइएका सबल र दुर्बल पक्षहरू यस प्रकार छन् :-

**सबल पक्ष**

(क) सबै विद्यालयमा धेरै थोरै शैक्षिक सामग्री उपलब्ध छन् ।

(ख) ती शैक्षिक सामग्रीहरूलाई प्रकृति र आवश्यकता हेरी प्रयोग गर्ने गरिएको छ ।

(ग) कालोपाटीको प्रयोग ६ विद्यालयमा र मार्कर वोर्डको प्रयोग न्यू होराइजनमा उचित किसिमले नै हुने गरेको छ ।

(घ) शैक्षिक सामग्रीको प्रयोगले सिकाइ सहज र प्रभावकारी हुन्छ भन्ने जानकारी सबै शिक्षकलाई छ ।

(ङ) शैक्षिक सामग्रीको उपयोगप्रति सबैको धारणा सकारात्मक छ ।

(च) अधिकांश विद्यालयमा शिक्षकहरू योग्य र तालिम प्राप्त छन् ।

(छ) तालिम अप्राप्त शिक्षकहरूले पनि शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेका छन् ।

**दुर्बल पक्ष**

(क) अधिकांश विद्यालयहरू आर्थिक रूपले कमजोर छन्, जसले गर्दा शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा समस्या छन् ।

(ख) विद्यालयमा शिक्षक दरबन्दीको अभाव छ ।

(ग) शैक्षिक सामग्रीको प्रयोग न्यून रूपमा हुने गरेको छ ।

(घ) लगनशील र परिश्रमी शिक्षकहरूको उचित कदर हुन सकेको छैन । उनीहरू उपेक्षित छन् जसले गर्दा उनीहरूको मनोबल घट्दै गइरहेको छ ।

(ङ) नेपाली भाषा शिक्षकलाई कमजोर शिक्षकको रूपमा हेर्ने गरिएको छ ।

(च) कुनै पनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था हुन सकेको छैन ।

(छ) कक्षाकोठामा विद्यार्थी चाप बढी हुनाले पनि शैक्षिक सामग्री उपयोगमा समस्या छ ।

(ज) विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छैनन् ।

### ३.४.३ शोध विद्यालयका प्रधानाध्यापकहरूको अवस्था

शैक्षिक सामग्रीको उपयोगमा प्रधानाध्यापकको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यदि शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धमा प्रधानाध्यापकको सकारात्मक धारणा नहुने हो भने विषय शिक्षकले मात्र चाहेर शैक्षिक सामग्रीको उपयोग हुन सक्दैन । प्रधानाध्यापकमा भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोग महत्त्वपूर्ण हुन्छ भन्ने महसुस नभएसम्म शैक्षिक सामग्री निर्माण र खरिदमा लगानी गर्न चाहँदैनन् । यसका लागि प्रधानाध्यापक पनि योग्य अनुभवी, तालिम प्राप्त र उदार स्वभावको पनि हुनुपर्दछ ।

शोध अध्ययनको सिलसिलामा गरिएको प्रधानाध्यापकहरूसँगको अन्तर्वार्ता, छलफल र प्राप्त विवरणका आधारमा सबै विद्यालयका प्रधानाध्यापकहरूको सकारात्मक धारणा रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगले सिकाइ सहज र प्रभावकारी हुने, सिकाइ दिगो हुने, विद्यार्थीमा हौसला बढ्ने, कक्षा रोचक र मनोरञ्जनपूर्ण हुने जस्ता कुराहरू महसुस गरेको पाइन्छ । शोध क्षेत्रका प्रधानाध्यापकको अवस्था निम्नानुसार छ ।

**तालिका नं.१२**

**शोध क्षेत्रका विद्यालयका प्रधानाध्यापकहरूको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नाम | शैक्षिक योग्यता | तालिम |
|---|---|---|---|---|
| १ | न्यू होराइजन उ.मा.वि. | डाँसुराम पन्त | एम.ए./बी.एड. | प्राप्त |
| २ | पाल्पा आवासीय उ.मा.वि. | टिकाराम थापा | एम.ए. | " |
| ३ | सेन्ट कपिताानियो मा.वि. | आनिस जोसेप्ट | एम.एस.सी. | " |
| ४ | बेथल मा.वि. | खेम बहादुर सारू | बी.ए./बी.एड. | " |
| ५ | प्रिपेरेटरी मा.वि. | भीम थापा | बी.एड. | " |
| ६ | प्रशान्ती मा.वि. | महेशमान बर्ज्राचार्य | एम.बी.ए. | " |
| ७ | बृन्दावन एकेडमी | भरत न्यौपाने | बी.ए. | " |

शोध क्षेत्रका अधिकांश विद्यालयमा प्रधानाध्यापकहरूको अवस्था राम्रो छ । आवश्यक शैक्षिक योग्यता हासिल गरेका, तालिम प्राप्त, अनुभवी रहेका छन् । यी प्रधानाध्यापकहरूमा शैक्षिक सामग्रीको महत्त्व बोध भएको र तिनको प्रयोगप्रतिको सकारात्मक धारणा रहेको पाइए तापनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलब्धता उनीहरूले गराएका छैनन् अतः यस विषयमा प्रधानाध्यापकहरूको उचित ध्यान पुग्नु आवश्यक देखिन्छ ।

### ३.४.४ मा.वि. तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको विधागत स्वरूप

नेपालको वर्तमान अवस्थाको विद्यालयको संरचनालाई हेर्दा कक्षा ९ र १० लाई माध्यमिक तह मानिएको छ । भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभएर भाषिक सीपको शिक्षण हो । शून्यमा कुनै पनि भाषिक सीपको अभ्यास सम्भव छैन । सुन्ने, बोल्ने, पढ्ने वा लेख्ने जुनसुकै कार्यकलाप खास विषयवस्तुमा आधारित भएर नै गराइन्छ । यसरी भाषा शिक्षणमा विषयवस्तुको सहाचार्य भूमिकाले के सङ्केत गर्दछ भने यो भाषाको आधारभूत शिक्षण सामग्री हो । (अधिकारी, २०६३:२२४) भाषा शिक्षणका लागि पाठ्यपुस्तक पनि एक प्रकारको शैक्षिक सामग्री नै हो र यसमा विभिन्न विधागत सामग्रीहरू समेटिएका हुन्छन् । यिनै विधागत सामग्रीहरूको उपयोग गरी विभिन्न प्रकारका भाषिक सीपहरूको शिक्षण गरिन्छ । वर्तमान नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको विधा, उपविधा र तिनको शिक्षणका लागि उपयोगी हुने शैक्षिक सामग्रीहरूलाई निम्नानुसार तालिकाबद्ध गरिएको छ । जसलाई परिशिष्टमा पनि देखाइएको छ ।

माध्यमिक तहमा नेपाली भाषा शिक्षणका लागि उपयोगी हुनेगरी विधागत क्षेत्र मिल्ने गरी कक्षा ९ मा २ ओटा र कक्षा १० मा ३ वटा गरी ५ वटा निबन्ध राखिएको छ । कथा विधा अन्तर्गत कक्षा ९ मा ३ ओटा र कक्षा १० मा ३ ओटा गरी जम्मा ६ ओटा कथा राखिएको छ र कथाहरू पौराणिक, बालमनोवैज्ञानिक, सामाजिक विषयमा आधारित छन् । त्यस्तै जीवनी विधामा साहित्यकार, ऐतिहासिक, राजनैतिक व्यक्तित्त्वलाई आधार बनाई कक्षा ९ मा ४ ओटा र कक्षा १० मा ३ ओटा जीवनी राखिएको छ । चिठीमा कक्षा ९ मा १ ओटा घरायसी चिठी, १ ओटा कार्यालयीय चिठी र कक्षा १० मा १ ओटा व्यापारिक चिठी राखिएको छ यसरी ३ ओटा चिठी राखिएको छ । कविता विधा अन्तर्गत कक्षा ९ मा ३ ओटा र कक्षा १० मा पनि ३ ओटा गरी ६ ओटा कविता राखिएको छ । त्यस्तै रूपक अन्तर्गत कक्षा ९ मा संवाद १, दैनिकी १, र वक्तृता १ गरी ३ ओटा राखिएको छ भने कक्षा १० मा मनोवाद १, वादविवाद १, एकाङ्की १ गरी ३ ओटा राखिएको छ । व्याकण अर्न्तगत शब्दवर्ग, पदसङ्गति र वाक्य परिवतर्न, काल, पक्ष, अर्थ वा भाव, करणअकरण, धातु र यसका प्रकार, वाच्य परिवर्तन, वाक्य र यसका प्रकार, वाक्य परिवर्तन, कारक र विभक्ति, वर्णविन्यास र चिन्ह परिचय, शब्दनिर्माण र शब्दभण्डारलाई राखिएको छ भने शब्दभण्डार अन्तर्गत पर्यायवाची शब्द, अनुकरणात्मक शब्द पारिभाषिक/प्राविधिक शब्द, उखान र टुक्कालाई समेटिएको छ । यसरी हेर्दा नेपाली भाषा

शिक्षणका लागि माध्यमिक नेपाली भाषा पाठ्यक्रमले विधा र विधागत क्षेत्रको सन्तुलन मिलाउने प्रयास गरिएको छ ।

### ३.४.५ माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समेटिएका चित्रहरू

नेपाली भाषा शिक्षणमा चित्रले महत्त्वपूर्ण भूमिका निर्वाह रहेको हुन्छ । मा.वि.तहको नेपाली भाषा पाठ्यपुस्तक कक्षा ९ र १० मा चित्रात्मक व्यवस्थाका माध्यमले भाषाका चारै सीपहरूको एकीकृत विकास गरी शिक्षण गर्ने प्रयास गरिएको छ । जसरी पाठ्यपुस्तकमा विभिन्न विधा र उपविधाको चयन गरिएको हुन्छ । त्यसै अनुसार विधा, विषयवस्तु र प्रसङ्ग मिल्ने गरी चित्रहरू राखिनु पर्दछ । कक्षा ९ मा विभिन्न विधा र उपविधालाई चयन गरी १७ ओटा पाठ राखिएको छ । कक्षा ९ मा ४१ ओटा चित्रहरूको व्यवस्था गरिएको छ । ती चित्रहरू पाठको प्रकृति अनुसार धार्मिक, सांस्कृतिक, वातावरणीय, सामाजिक, पौराणिक, ऐतिहासिक परिवेश झल्काउने र साहित्यकार, वैज्ञानिक, विचारक आदिका तस्विरहरूका साथै राष्ट्रिय एकता र अखण्डता झल्कने चित्रहरू राखिएका छन् । चित्रहरू स्पष्ट, आकर्षक र पाठमा भन्न खोजिएको भावलाई स्पष्ट पार्न सक्ने खालका हुनुपर्दछ र पाठ्यपुस्तकमा भएका अन्य चित्रहरू सान्दर्भिक नै देखिन्छन् ।

कक्षा १० मा विभिन्न विधा र उपविधालाई समेटी १६ ओटा पाठहरू समावेश गरिएको छ । ती पाठको प्रकृति अनुरूपका ४५ ओटा चित्रहरू पाठ्यपुस्तकमा राखिएका छन् । चित्रहरू धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक राष्ट्रियता झल्काउने र विभिन्न साहित्यकार, विद्वान, विचारक, वैज्ञानिक आदिका चित्रहरू राखिएका छन् । चित्रहरू पाठ्पुस्तकको प्रसङ्गसँग मिल्दा र उपयुक्त नै देखिन्छन् ।

भाषिक सीप सिकाइको निम्ति अन्य शैक्षिक सामग्रीभन्दा त्यसै पाठमा समावेश गरिएका चित्र एवं तस्विर बढी महत्त्व रहने भएकाले तस्विर एवं चित्रको व्यवस्था गर्दा पाठको भाव, सन्देश, विचार, आशय आदि झल्कने खालका चयन र निर्माण गर्नुपर्ने देखिन्छ । (खतिवडा,अप्रकाशित शोध, २०६१:५३५४)

पाठ्यपुस्तकमा समावेश गरिने चित्र केबल देखाउनका लागि मात्र राखिनु हुँदैन । चित्र पाठ्यवस्तु अनुकुल र प्रसङ्ग अनुकुल हुनपर्दछ । चित्रले सिकाइलाई सरल, सरज र प्रभवकारी बनाउनमा सहयोग गर्नुपर्छ । चित्रले गलत सन्देश दिनुहँदैन । सामाजिक असमानता देखाउने, जातीय तथा लैङ्गिक भेदभाव दर्शाउने, राष्ट्रिय एकता र अखण्डतामा खलबल पुऱ्याउने, खालका चित्रहरू पाठ्यपुस्तकमा समावेश गरिनुहँदैन । चित्रले धार्मिक सांस्कृतिक भावनाको सन्देश

दिनुका साथै शिक्षा, स्वास्थ्य ज्ञान विज्ञान सूचना, सञ्चार आदि कुराको पनि सन्देश दिन सक्नु पर्दछ । शिक्षकले शिक्षण कार्य सुरु गर्नुभन्दा अगाडि चित्रहरूले दिन खोजेको सन्देशलाई राम्ररी छलफल गराएर मात्र शिक्षणलाई अगाडि बढाउनु पर्दछ । समग्रमा हेर्दा मा.वि.तहका तीनओटै भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विधागत चित्र तथा तस्वीरहरूको अवस्थालाई हेर्दा उपयुक्त नै देखिन्छ ।

## ३.५ निष्कर्ष

शिक्षण सिकाइलाई प्रभावकारी रूपमा अगाडि बढाउन विभिन्न पक्षहरूको हात रहेको हुन्छ । भाषा शिक्षणलाई प्रभावकारी बनाउन शिक्षण सामग्रीको अपरिहार्यतालाई सबैले स्वीकार गरे तापनि शैक्षिक सामग्रकिो उचित प्रयोग हुन सकेको पाइँदैन । विद्यालयको भौतिक, आर्थिक अवस्था कमजोर छ । थोरै विद्यार्थी भएका विद्यालयहरूमा शिक्षकहरूको दरबन्दी मिलाउन, सेवा सुविधा दिन गाह्रो भएकाले शैक्षिक सामग्रीको खरिदमा समस्या देखिन्छ भने विद्यार्थी सङ्ख्या धेरै नभएकोमा नाफामुखी भएकाले खर्च गर्न हात खुम्च्याएको देखिन्छ । निजी विद्यालयमा अनुगमन र निरीक्षणको प्रभावकारी व्यवस्था छैन न त शिक्षकको लगनशीलता र परिश्रमको नै मूल्याङ्कन भएको छ । यसले शिक्षकको मनोबल घट्दै गएको कारणले लगनशील र परिश्रमी शिक्षकहरू पनि शैक्षिक सामग्रीको उपयोग गरी शिक्षण गर्ने कार्यप्रति उदासीन रहेको देखिन्छ । भाषा शिक्षणका निम्ति प्रयोग हुने तस्विर, नक्सा गोजीतालिका, पत्तीहरू जस्ता सामग्रीहरू विद्यालयमा उपलब्ध भए पनि र शैक्षिक सामग्रीको उपयोगले सिकाइ रूचिपूर्ण बोधगम्य र चिरस्थायी हुन्छ भन्ने कुरामा सबै सहमत भए पनि भाषा शिक्षणमा शिक्षण सामग्रीको प्रयोग गरी सिकाइलाई फलदायी बनाउने पक्षमा भने अधिकांश शिक्षकहरू विमुख रहेको देखिन्छ । संस्थागत विद्यालयहरूको सञ्चालन विद्यार्थीहरूबाट उठाइने शुल्कमा निर्भर हुनु पर्ने भएकाले तथा विद्यार्थीहरूबाट शैक्षिक सामग्री खरिद भनेर शुल्क नउठाइने हुनाले समस्या देखिन्छ । उपलब्ध सामग्रीहरू पनि संरक्षण र सम्बर्द्धनको अभावले गर्दा प्रयोगमा कठिनाई देखिन्छ । शैक्षिक सामग्री भनेर कालोपाटी, चक, डस्टर र पाठ्यपुस्तकको उचित प्रयोग भएता पनि अन्य सामग्रीहरूको प्रयोग दैनिक रूपमा नभएको पाइन्छ ।

## परिच्छेद : चार

# नेपाली भाषा शिक्षण र शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या र समाधानका उपायहरू

### ४.१ विषय प्रवेश

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । विभिन्न जातजाति र भाषाभाषीका सम्पूर्ण नेपालीहरूको सम्पर्क भाषा पनि हो । नेपाल अधिराज्यको संविधान २०४७ मा देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ, भनिएको छ । त्यसैगरी प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्मको पठन पाठनको माध्यम भाषा पनि नेपाली भाषा नै हो । राष्ट्रिय जनगणना २०५८ का अनुसार नेपालका ४८.६१% मानिसहरूले मातृभाषाको रूपमा नेपाली भाषाकै प्रयोग गर्दछन् । नेपालको परिप्रेक्ष्यमा हेर्दा शिक्षा, स्वास्थ्य, विज्ञान, प्रविधि, कानुन, देशको प्रशासन, साहित्य, संस्कृति, हरेक क्षेत्रमा नेपाली भाषाको विस्तार भएको छ । नेपालको आम सञ्चारको माध्यम पनि नेपाली भाषा नै हो । नेपाली भाषाले अहिले यति व्यापकता पाएको छ कि नेपाल बाहेक भारत, बङ्गलादेश, थाइल्याण्ड, जापान, हङकङ, बेलायत, अमेरिका आदि विभिन्न मुलुकहरूमा यसको प्रयोग हुने गरेको छ । यसैगरी भारतका विभिन्न विश्वविद्यालय र शिक्षण संस्थाहरूमा पनि नेपाली भाषामा पठनपाठन हुने गरेको छ । नेपाली भाषा भारतीय संविधानको आठौं अनुसूचीमा सूचीकृत भाषा पनि हो । विश्वका प्रमुख समाचार एजेन्सीहरू वि.वि.सी. नेपाली सेवा, भ्वाइस अफ अमेरिका, रेडियो बेइजिङ्ग, रेडियो खर्साङ्ग, रेडियो अलइन्डिया आदिले नेपाली भाषामा समाचार प्रसारण गरिरहेका छन् । यसरी नेपाली भाषा नेपालभित्र मात्र सीमित नरही अन्तर्राष्ट्रिय स्तरमा पनि विकास र विस्तार भएकाले यस भाषाको व्यवस्थित तरिकाबाट शिक्षण गर्नु आवश्यक छ । यसका निम्ति आवश्यक योजना र अत्याधुनिक शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्न सकेमा मात्र यसको महत्त्व भनभन बढ्न सक्ने देखिन्छ । यिनै विविध कारणहरूले गर्दा नेपाली भाषाको शुद्ध रूपको शिक्षण गर्नु नितान्त आवश्यक छ । नेपाली भाषाको भाषिक सीप हासिल गर्नका निम्ति परिष्कृत स्तरीय किसिमले शिक्षण गर्नका निम्ति परिष्कृत स्तरीय किसिमले शिक्षण गर्नु आवश्यक छ । भाषिक सीप विकासका लागि माध्यमिक नेपाली भाषा पाठ्यक्रम २०६४ ले निम्न लिखित साधारण उद्देश्यहरू निर्धारण गरेको छ :-

१. विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउसहितका मौखिक आभिव्यक्तिहरूलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न ,

२. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न ,

३. आफूले पढेका र सुनेका शब्दहरूको शुद्धसँग उच्चारण गर्न ,

४. कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता गतिविधिमा प्रभावकारी रूपमा मौखिक अभिव्यक्ति दिन ,

५. देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न ,

६. लिखित सामग्रीहरूलाई गति, यति लय मिलाई भावअनुसार शुद्ध र स्पष्टसँग सस्वरवाच गर्न ,

७. कथा, कविता, निबन्ध आदि साहित्यिक रचना रूचि लिई पढ्न ,

८. लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न र पढाइएको गति विकास गर्न ,

९. शुद्धसँग हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नहरू मिलाई लेख्न ,

१०. व्यहारमा उपयोगी हुने पत्रहरू लेख्न ,

११. स्वतन्त्र रूपमा अनुच्छेद, दैनिकी र निबन्धको रचना गर्न ,

१२. बोल्दा तथा लेख्दा सन्दर्भअनुसार शिष्ट उपयुक्त भाषाको प्रयोग गर्न ,

१३. मौखिक तथा लिखित रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्यमुख्य कुरा व्यक्त गर्न ,

१४. बोल्दा र लेख्दा उखानटुक्काको समेत प्रयोग गर्न ,

१५. नेपाली व्याकरणका आधारभूत नियमको पालना गरी अभिव्यक्त दिन,

१६. नेपाली शब्दकोशको प्रयोग गर्न ,

१७. विभन्न विषयवस्तु पढी शब्दभण्डार बढाउन ,

एक्काइसौं शताब्दी विज्ञान र प्रविधिको युग हो । वर्तमान समयमा भाषा शिक्षणका लागि अत्याधुनिक प्रविधि उपकरणहरूको विकास भएको छ । दिनानुदिन नयाँ-नयाँ प्रविधिहरूको प्रयोग भइरहेको छ । तर नेपाली भाषा शिक्षणको अवस्था दयनीय छ । स्थानीय स्तरमा उपलब्ध हुने मूल्यहीन सामग्री समेत उपयोग हुन नसकेको अवस्थामा आधुनिक प्रविधि र उपकरणको प्रयोग हाम्रो जस्तो गरिब मुलुकमा विद्यालयहरूमा प्रायः असम्भव छ ।

नेपाली भाषाको विकास र विस्तारको लागि स्पष्ट नीति र योजनाको पनि अभाव देखिन्छ । वर्तमान समयमा भएको अंग्रेजी भाषाको विकास र विस्तार तथा त्यसप्रतिको आकर्षणले नेपाली भाषाको मौलिकता माथि नै खतरा उत्पन्न भएको छ । नेपालमा समावेशीका नाममा विभिन्न भाषाहरूको अस्तित्व रक्षा गर्ने सिलसिलामा पनि नेपाली भाषा कमजोर हुन पुगेको छ । त्यस्तै संस्थागत विद्यालयहरूमा अंग्रेजी भाषा बोलचाल तथा अन्य विषय शिक्षणको माध्यम बनाइँदा पनि नेपाली भाषाको संरक्षणमा चुनौती थपिएको छ । स्थानीय स्तरमा उपलब्ध हुने मूल्यहीन सामग्री समेत उपयोग हुन नसकेको अवस्थामा आधुनिक प्रविधि र उपकरणको प्रयोग हाम्रो जस्तो गरिब मुलुकका विद्यालयहरूमा प्रायः असम्भव छ ।

नेपाली भाषाको विकास र विस्तारका लागि स्पष्ट नीति र योजनाको पनि अभाव देखिन्छ । वर्तमान समयमा भएको अंग्रेजी भाषाको विकास र विस्तार तथा त्यसप्रतिको आकर्षणले गर्दा नेपाली भाषाको मौलिकतामाथि नै खतरा उत्पन्न भएको छ । यस अवस्थामा नेपाली भाषाका शिक्षकहरू, शिक्षाविदहरू, विद्वानहरू र प्रत्येक सचेत नागरिकहरूले नेपाली भाषाको संरक्षण सम्बर्द्धन र विकासका लागि क्रियाशील हुनुपर्ने देखिन्छ ।

## ४.२. नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई सरल र सहज बनाउँछ । सामग्रीको प्रयोगले मात्र शिक्षणलाई उद्देश्यमुलक र दिगो बनाउँछ भन्ने कुरा सबैलाई थाहा छ र यस कुरामा कसैको दुईमत पनि हुन सक्दैन तर पनि नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग निकै न्यून भएको देखिन्छ । यसबाट बुझ्न सकिन्छ कि शैक्षिक सामग्रीको प्रयोगमा थुप्रै समस्याहरू विद्यमान छन् । ती समस्याहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ४.२.१ शैक्षिक सामग्री सम्बन्धी समस्या

वर्तमान समयमा विज्ञान र प्रविधिको क्षेत्रमा पनि तीव्र विकास भइरहेको छ । यसको प्रभाव भाषा शिक्षणको क्षेत्रमा पनि पर्नु स्वभाविकै हो । भाषा शिक्षणका क्षेत्रमा पनि अत्याधुनिक सामग्रीको विकास भएको छ । विकसित मुलुकहरूमा त्यस्ता सामग्रीहरूको प्रयोग दिनानुदिन बढिरहेको छ । तर नेपाली भाषा शिक्षणमा त्यस्ता प्रविधि र संयन्त्रहरूको प्रयोग भएको पाइँदैन । भाषा शिक्षणका क्षेत्रमा श्रव्यदृश्य सामग्री, भाषा प्रयोगशाला, शिक्षण मेसिन जस्ता प्रविधिको विकास र प्रयोग भइसक्दा पनि नेपाली भाषा शिक्षणमा मूल्यहीन वा सामान्य मूल्यका सामग्रीहरुको पनि प्रयोग हुन नसक्नु दुःखपूर्ण कुरा हो । भाषाको विकास र विस्तारका लागि भाषा शिक्षणमा यस्ता आधुनिक प्रविधि र संयन्त्रको प्रयोग हुनु आवश्यक छ । अहिलै पनि

पुरानै व्याख्यान विधिलाई नै अनुसरण गर्दै शिक्षण गर्नु परेको छ । नेपाली भाषा शिक्षणमा एकातिर शैक्षिक सामग्रीको अभाव देखिन्छ भने अर्कोतिर उपलब्ध शैक्षिक सामग्रीको अभाव प्रयोग गर्ने सन्दर्भमा पनि अनेकौँ समस्याहरूको सामना गर्नुपरेको छ । विद्यालयहरूमा गुणस्तरयुक्त शैक्षिक सामग्रीको अभाव छ र भएका सामग्रीहरूको उचित प्रयोग गर्न सक्ने तालिम प्राप्त शिक्षकको अभाव छ जसले गर्दा ती शैक्षिक सामग्रीको प्रयोग हुन सकेको देखिँदैन।

शोध कार्यक्षेत्र भित्रका विद्यालयहरूको स्थलगत अध्ययन भ्रमणका क्रममा ती विद्यालयहरूमा कार्यरत भाषा शिक्षकले धेरै विविध समस्याहरूले गर्दा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीहरूको प्रयोग पनि नगन्य मात्रामा भएको देखिन्छ । शोध क्षेत्रका विद्यालयमा ७८% शिक्षक तालिम प्राप्त छन् । तैपनि शैक्षिक सामग्रीको व्यवस्था र प्रयोग सन्तोषजनक रूपमा भएको पाइँदैन । शैक्षिक सामग्रीको प्रयोगको महत्त्व थाहा भएर पनि शैक्षिक सामग्रीको प्रयोग किन हुन नसकेको भनी भाषा शिक्षक र प्रधानाध्यापकलाई प्रश्न गर्दा आफूहरूले अनेकौं समस्याहरू भोल्नु परेकाले शैक्षिक सामग्रीको व्यवस्था र प्रयोग गर्न नसकिएको कुरा व्यक्त गरेको पाइन्छ । उहाँहरूले औंल्याउनु भएका समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) शैक्षिक सामग्री खरिद गर्न नपाइने समस्या ,

ख) सामग्री पर्याप्त मात्रामा नहुनु ,

ग) शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा समय बढी खर्च हुने हुँदा निर्धारित समयमा पाठ्यवस्तु सिध्याउन कठिन हुनु ,

घ) स्थानीय तहमा सबै प्रकारका सामग्रीहरू उपलब्ध हुन नसक्नु ,

ङ) विधा अनुसारका उपयुक्त सामग्री जुटाउन समस्या,

च) उपयुक्त खालका गुणस्तरीय सामग्री नपाइनु ,

छ) कुनै सामग्री चाहेर पनि तत्काल उपलब्ध हुन नसक्नु ,

ज) विद्यार्थी संख्या अत्याधिक हुनाले प्रस्तुतिमा कठिनाई हुनु ,

झ) विद्यालयको आर्थिक अवस्था कमजोर हुनु ,

शोध अध्ययनका क्रममा भाषा शिक्षक र प्रधानाध्यापकबाट अभिव्यक्त भएका यी समस्याहरू नै शैक्षिक सामग्री सम्बन्धी समस्याहरू हुन् जसका कारण विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोगमा कठिनाइ देखिएको छ ।

### ४.२.२ आर्थिक पक्षसँग सम्बन्धित समस्या

हाम्रो देशको आर्थिक अवस्था नै दयनीय भएकाले यहाँका निजी विद्यालयहरुको हालत पनि उस्तै देखिन्छ । थोरै संख्या हुँदा पनि न्यूनतम शुल्क उठाएर खोलिएका तानसेन नगरका धेरै निजी विद्यालयमा आर्थिक समस्या रहेको देखिन्छ । उचित तलबको व्यवस्था नहुँदा यी विद्यालयमा योग्य र दक्ष शिक्षकको अभाव देखिन्छ । यी विद्यालयले शिक्षकहरूलाई नेपाल सरकारले तोकेको पारिश्रमिक दिन त सकेका छैनन् भने शैक्षिक सामग्रीको व्यवस्था गर्ने त झन कुरै आउँदैन । शैक्षिक सामग्री खरिद भनेर छुट्टै शीर्षकमा शुल्क उठाउन नमिल्ने र अन्य शीर्षकको पैसा तलब र भाडा तिर्दा धौधौ भएको भनी विद्यालय प्रशासनले उत्तर दिने गरेको पाइन्छ ।

शोध अध्ययनका क्रममा शोध क्षेत्रभित्रका विद्यालयहरूमा पुग्दा सबै विद्यालयका भाषा शिक्षक तथा प्रधानाध्यापकहरूले आर्थिक अभावलाई प्रमुख समस्याको व्यवस्था गर्न सकिएको छैन भनेको पाइयो भने केही मात्रामा भएका सामग्रीहरू पनि पुराना, गुणस्तरहीन र अपर्याप्त रहेको देखियो । अतः आर्थिक पक्षसँग सम्बन्धित यिनै विविध समस्याले गर्दा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग हुन सकेको देखिँदैन ।

### ४.२.३ भौतिक पक्षसँग सम्बन्धित समस्या

विद्यालयको आर्थिक पक्ष कमजोर भएकोले भौतिक पक्ष पनि कमजोर हुनु स्वाभाविक हो । शोध अध्ययनका क्रममा कतिपय विद्यालयको निर्माणाधीन भवनले समेत पूर्णता पाउन सकेको देखिदैन । कतिपय विद्यालयका झ्याल, ढोका र कक्षाकोठा समेत साँगुरा भएको, एउटै कोठामा क्षमता बढी विद्यार्थीहरू राखेर पढाउनु पर्ने तथा शैक्षिक सामग्रीलाई व्यवस्थित गर्न आवश्यक दराज तथा सामग्री कक्षको व्यवस्था कुनै पनि विद्यालयमा नभएको कारणले गर्दा विद्यालयमा शैक्षिक सामग्री उपयोगमा समस्या उत्पन्न भएको छ ।

शैक्षिक सामग्रीलाई सुरक्षित राख्न र त्यसको गुणस्तरलाई कायम राख्न व्यवस्थित स्थानको आवश्यकता पर्दछ र प्रदर्शनका लागि गोजीतालिका, फलाटिन पाटी जस्ता सामग्रीहरूको व्यवस्था हुनु पर्दछ । यिनै भौतिक पक्षसँगका कमी कमजोरीका कारणले पनि शैक्षिक सामग्रीको उपयोगमा समस्या भएको देखिन्छ ।

### ४.२.४ तालिमको अभाव

शैक्षिक सामग्रीको निर्माण र प्रयोगका लागि तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ। शैक्षिक सामग्रीको उचित प्रयोगका लागि शैक्षिक सामग्री र शिक्षण विधिको सम्बन्धमा पर्याप्त

ज्ञान हुनु पर्दछ । शैक्षिक सामग्री सङ्कलन निर्माण र प्रयोगका लागि शिक्षकले आवश्यक दक्षता प्राप्त गर्न सक्ने खालका तालिमहरूको जरुरत पर्दछ ।

शोध अध्ययनका क्रममा निजी विद्यालयहरूले देशको निम्ति शिक्षामा उत्कृष्ट नतिजा दिन सफल भए तापनि सरकारी तहबाट कुनै तालिमको व्यवस्था नगराइएको छ । केवल प्रकाशकहरूले कहिलेकाहीं शिक्षकहरूलाई तालिम दिएको पाइन्छ । त्यसैले तालिम अप्राप्त शिक्षकहरूबाट पनि शिक्षण गरेको पाइयो । भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोग कसरी गर्ने ? पाठलाई कसरी रोचक बनाउने भन्ने विषयमा शिक्षकलाई जानकारी हुनु आवश्यक छ । फलतः समयमा उचित प्रकारको तालिम नपाउनाले पनि यी विद्यालयहरूमा शैक्षिक सामग्रीको उपयोगमा समस्या देखिएको छ ।

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञान र प्रविधिको विकासले भाषा शिक्षणको क्षेत्रमा पनि नयाँ - नयाँ प्रविधिहरूको विकास भएको छ । ती प्रविधिहरूलाई पनि नेपाली भाषा शिक्षणमा प्रयोग गर्न तालिम तथा पुनर्ताजगी तालिमको आवश्यकता रहेको छ । समसामयिक परिवेश अनुसार नेपाली भाषा शिक्षणलाई कसरी अगाडि बढाउने भन्ने बारेमा शिक्षकलाई कुनै प्रकारको तालिम दिने गरिएको छैन । यसले गर्दा पनि शैक्षिक सामग्री उपयोगमा समस्या देखिएको अनुभव हुन्छ ।

### ४.२.५ अनुगमन र निरीक्षणको समस्या

विद्यालयलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न सम्बन्धित निकायबाट नियमित अनुगमन र निरीक्षणको व्यवस्था हुनु आवश्यक छ । निरीक्षण र निर्देशनविना कुनै पनि संस्थाले अग्रगति पाउन सक्दैन । विद्यालयको नियमित अनुगमन र निरीक्षणका लागि निजी विद्यालयमा प्राचार्यले मात्र अनुगमन गरेको पाइन्छ तर सामग्रीहरूको पर्याप्त उपलब्धता विद्यालयबाट जुटाइदिन नसकिएकाले शैक्षिक सामग्रीको प्रयोगमा यी विद्यालयहरूले ध्यान कम दिइएको पाइन्छ । निजी विद्यालयको शतप्रतिशत नतिजालाई बधाई र शुभकामना दिने जिल्ला शिक्षा कार्यालयद्वारा शिक्षण सिकाइ र विद्यालय प्रशासनको अनुगमन र निरीक्षण कमै गरेको पाइन्छ । अतः यी विद्यालयमा शिक्षकहरू सुझाव, सल्लाह विहीन छन् भने उता नियमित अनुगमन निरीक्षण र सुझावको अभावले पनि शैक्षिक सामग्री उपयोगमा समस्या देखिएको छ ।

### ४.२.६ उचित मूल्याङ्कनको अभाव

शैक्षिक सामग्रीको उचित प्रयोगका लागि शिक्षकको पेसागत दक्षता वृद्धि हुनु पर्दछ । यसका लागि पेसाप्रति आस्थावान् , लगनशील र परिश्रमी शिक्षकको खाँचो पर्दछ र त्यस्ता

शिक्षकको मनोबल पनि उच्च राख्नु आवश्यक छ । शिक्षकका कामको उचित पुरस्कारको व्यवस्था हुनुपर्दछ । त्यस्ता शिक्षकलाई उचित पुरस्कारको व्यवस्था हुनुपर्दछ । आफ्नो पेसाप्रति उदासीन रहने र आफनो जिम्मेवारी बहन गर्न नखोज्ने शिक्षकलाई पनि उचित दण्ड, सजाएको व्यवस्था हुनु जरुरी छ । तर व्यवहारमा त्यसो हुन सकेको छैन । परिश्रम गर्ने र नगर्ने शिक्षकबीच भिन्नता छुट्याउने आधार छैन । शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन, शिक्षकको व्यक्तित्त्व, लगनशीलता र परिश्रमलाई नहेरी राजनैतिक निकटना र नातागत सामीप्यताको आधारमा हुने गरेको कुरा प्रशस्तै देख्न पाइन्छ र शोध अध्ययनले पनि यही कुरा देखाएको छ । प्रशासनिक निकायबाट शिक्षकको उचित मूल्याङ्कन नहुनुले शिक्षकको मनोबल घट्दै गएकोले लगनशीलता र परिश्रम गर्ने बानीमा पनि कमी आएकोले शैक्षिक सामग्रीको उपयोगमा समस्या देखिएको छ ।

### ४.२.७ शिक्षकसँग सम्बन्धित समस्या

शैक्षिक सामग्रीको उपयोग हुन नसक्नुमा भाषा शिक्षक पनि धेरै हदसम्म जिम्मेवार छन् । शिक्षणलाई प्रभावकारी बनाउन, शिक्षक व्यक्तिगत रूपमा समस्या विहीन हुनु पर्दछ । पेसाप्रति आस्थानवान हुनु पर्दछ र आफ्नो दायित्वबोध पनि हुनु पर्दछ । विद्यालय आर्थिक रूपले सबल छ । भौतिक रूपले सम्पन्न छ । शैक्षिक सामग्री पनि पर्याप्त छन् । शिक्षकमा जिम्मेवारी बोध हुँदैन भने सबै कुरा निरर्थक हुन पुग्दछन् ।

शोध अध्ययनको क्रममा प्रधानाध्यापनक तथा विषय शिक्षकसँग छलफल र प्रश्नोत्तर गर्दा शैक्षिक सामग्रीको प्रयोग नहुनुमा शिक्षक आफै पनि जिम्मेवार रहेका उत्तर पाइएको छ । फलतः कतिपय शिक्षकहरूको शिक्षण पेसाप्रति उदासीन छन् र निजामति तथा अन्य सेवाका कर्मचारीहरूलाई दिइने सुविधाभन्दा यी शिक्षकलाई दिइने सुविधा कम भएकाले यिनमा नैराश्यता आएको पाइन्छ । जसको कारण योग्य, सक्षम वा विज्ञ व्यक्तिहरू यस सेवामा प्रवेश गर्न इच्छुक छैनन् । प्रवेश गरेका व्यक्तिहरूमा पनि जाँगर र उत्साह कम हुनाले शैक्षिक सामग्रीको उपयोगमा समस्या देखा परेको मान्नु पर्दछ ।

शिक्षकहरूमा जागरूकताको पनि कमी देखिन्छ । शिक्षकमा म को हुँ ? कसरी म एउटा दक्ष शिक्षक बन्न सक्दछु ? भन्ने बोध भएमा मात्र शिक्षण कार्यमा प्रभावकारिता आउने स्थिति रहन्छ । हरेक शिक्षक लगनशील र परिश्रमी हुनु पर्दछ । शिक्षकमा राजाको काम कहिले जाला घाम भन्ने प्रवृत्ति हटेर गयो भने शिक्षण कार्यमा प्रभावकारी आउँनेछ । विद्यालयमा शैक्षिक सामग्री नदेखिनु भएका सामग्रीहरू पनि प्रयोगमा नआउनु र व्याख्यान विधिको अत्याधिक प्रयोग

हुनुले शिक्षकहरूमा जागरूकताको कमी देखिएको छ र शैक्षिक सामग्री उपयोगमा समस्या बनेको छ ।

प्रश्नोत्तरका कममा शैक्षिक सामग्रीले सिकाइलाई सरल प्रभावकारी बनाउँछ भने तापनि शिक्षक आफूलाई यस कुरामा कम विश्वास छ । एकातिर शैक्षिक सामग्रीको महत्त्वको बारेमा कम जानकारी छ भने अर्कोतिर शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोग गर्ने सीप पनि कम छ  शैक्षिक सामग्रीको प्रति रुचि र आकर्षण पनि कम छ । यिनै विविध समस्याहरूले गर्दा शैक्षिक सामग्रीको उपयोग राम्ररी हुन सकेको छैन ।

## ४.२.८ शिक्षणभार बढी हुने समस्या

शिक्षणभार बढी हुनु पनि शैक्षिक सामग्रको प्रयोग देखिएको समस्या हो । शोध अध्ययनको कममा विद्यालयमा पुग्दा हरेक विद्यालयमा शिक्षकले ६/७ घण्टी लगातार पढाउनु परेको अवस्था विद्यालयमा देखिएको छ । शिक्षकलाई शिक्षण गर्न तयारीको आवश्यकता पर्दछ । शिक्षकले विषयवस्तुको तयारीको लागि कत्ति पनि समय उपलब्ध नभएको अवस्थामा शिक्षकले पाठयोजना बनाएर, शैक्षिक सामग्री निर्माण र सङ्कलन गरी व्यवस्थित रूपमा उपयोग गर्न सक्ने अवस्था देखिदैन । अन्य राष्ट्र सेवक कर्मचारीको जस्तो अथवा सरकारी विद्यालयमा अध्यापनरत शिक्षकको जस्तो सुविधा नहुँदा शिक्षकले साँझ बिहान कुनै वैकल्पिक पेसा अवलम्बन गर्न बाध्य रहनु परेकाले शैक्षिक सामग्री निर्माणमा समस्या परेको देखिन्छ ।

## ४.२.९ विद्यार्थी संख्या बढी हुने समस्या

कतिपय विद्यालयहरूमा विद्यार्थीहरू चाप बढी छ । कक्षाकोठा ठूला भए पनि त्यसको निश्चित क्षमता हुन्छ । कक्षामा क्षमता भन्दा बढी विद्यार्थी राख्नु पर्दा शैक्षिक सामग्रीको प्रयोग गर्दा प्रत्येक शिक्षकले प्रत्येक विद्यार्थीसम्म ध्यान पुर्‍याउन सक्नुपर्दछ र विद्यार्थीले पनि प्रत्येक शैक्षिक सामग्रीलाई राम्ररी अवलोकन गर्न पाउनु पर्दछ । नत्र पाठ अनुसारको उद्देश्य हासिल भयो भएन थाहा पाउन गाह्रो पर्दछ । विद्यार्थी सङ्ख्या बढी भएमा शिक्षकले सबै विद्यार्थीसम्म ध्यान पुर्‍याउन नसक्ने, विद्यार्थीले शैक्षिक सामग्रीको राम्ररी अवलोकन गर्न नपाउने र उद्देश्य हासिल हुनमा कठिनाई पर्ने हुनाले पनि शैक्षिक सामग्रीको उपयोगमा समस्या देखिएको छ ।

## ४.२.१० परम्परागत शिक्षणको परिपाटी

एक्काइसौं शताब्दीमा पनि नेपालमा परम्परागत शिक्षणको परिपाटी नै प्रचलनमा रहेको पाइन्छ । अधिकांश शिक्षकहरूले कक्षामा गएर पाठ्यपुस्तकको मात्र उपयोग गरी कक्षा सञ्चालन गरेको पाइन्छ । विविध शैक्षिक सामग्रीको प्रयोगले शिक्षण रोचक र प्रभावकारी त

हुन्छ तर परम्परागत परिपाटीलाई परिवर्तन गर्न कठिन समस्या देखिएको छ । परम्परागत परिपाटीलाई बदल्न नचाहने मानसिकताले गर्दा पनि शैक्षिक सामग्रीको उपयोगमा समस्या देखिएको छ ।

शोध क्षेत्रका विद्यालयबाट प्राप्त उपरोक्त समस्याहरू बाहेक लक्ष्मीमाया श्रेष्ठ (२०६४) ले निर्देशिका समस्या, राधारमण खतिवडा (२०६१) ले शिक्षकको कमी कमजोरी सम्बन्धी दृष्टिकोणको समस्यालाई पनि समस्याको रूपमा विद्यमान रहेका यिनै कुराहरूले नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोगमा बाधा पुऱ्याएका छन् ।

## ४.३ समस्या समाधानका उपायहरू

कुनै पनि समस्या एक्लै आउँदैन समाधान पनि साथमै लिएर आउँछ । समस्या नभएको क्षेत्रले अग्रगति पाउन पनि सक्दैन । जति समस्या उत्पन्न हुँदै जान्छन् , त्यति समाधानका उपायहरू खोजिन्छन्, सुधार गरिन्छ र अग्रगति दिने काम हुन्छ । समस्याको समाधानसँगै विकासको गति अघि बढ्दछ । त्यसैले समस्या आउनुलाई नकारात्मक रूपमा मात्र लिनु हुँदैन । बरु समस्याको पहिचान गर्ने, उपायहरू खोज्ने र ती उपायहरूलाई अवलम्बन गर्दै जाने गर्नु पर्दछ । शोध क्षेत्रका विद्यालयहरूको स्थलगत निरीक्षण तथा अवलोकनबाट प्राप्त भएका उल्लिखत समस्याको समाधानका लागि भाषा शिक्षक र प्रधानाध्यापनकहरूसँग प्रश्नावलीको माध्यमबाट राय सल्लाह र सुझावहरू संकलन गरियो । माथि उल्लिखित समस्याको समाधान गर्नका निम्ति प्राप्त भएका दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ शैक्षिक सामग्री सम्बन्धी समस्याको समाधान

शोध अध्ययनका लागि विभिन्न विद्यालयको स्थलगत अवलोकन र निरीक्षणका क्रममा शैक्षिक सामग्री सम्बन्धी समस्याहरू थिए । प्रमुख समस्याहरू शैक्षिक सामग्री सम्बन्धी समस्याहरु थिए । तिनका समाधान उपायहरू के के हुन सक्दछन् भनी शोध क्षेत्रका विद्यालयका प्रधानाध्यापक र नेपाली भाषा शिक्षकहरूसँगको प्रश्नोत्तरका क्रममा प्राप्त भएका दृष्टिकोणलाई तल प्रस्तुत गरिएको छ :-

क) शैक्षिक सामग्री र सन्दर्भ सामग्रीहरू बजारमा पाउन सक्ने व्यवस्था हुनुपर्दछ ।

ख) विद्यालयले पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गर्न सक्नुपर्दछ ।

ग) शैक्षिक सामग्री पाठ्यपुस्तकसँग मेल खाने हुनुपर्दछ ।

घ) नेपाली भाषा विषयको पाठ्यभार बढाइनु पर्दछ ।

ङ) शिक्षकलाई समय - समयमा शैक्षिक सामग्रीको निर्माण सम्बन्धी तालिम दिनुपर्दछ ।

च) स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको प्रयोगलाई प्राथमिकता दिनुपर्दछ ।

छ) उद्देश्य हासिल गर्नमा सहयोग गर्ने र विद्यार्थीको ध्यानाकर्षण गर्न शैक्षिक सामग्रीहरूको प्रयोग गर्नुपर्दछ ।

ज) एउटै कोठामा बढी विद्यार्थीहरू नराख्ने र विद्यार्थी बढी भएमा सेक्सन खोल्ने व्यवस्था हुनुपर्दछ ।

### ४.३.२ आर्थिक पक्षसँग सम्बन्धित समस्याको समाधान

शैक्षिक सामग्रीको उपयोगमा आर्थिक समस्याले पनि ठूलो प्रभाव पारेको हुन्छ । विद्यालयको भौतिक व्यवस्थापन, सामग्री खरिद र निर्माण आदि कार्यका लागि विद्यालयको आर्थिक अवस्था सबल हुनु पर्दछ । शोध विद्यालयका भाषा शिक्षक र प्रधानाध्यापकबाट अभिव्यक्त गरिएका विचारहरू यस प्रकार छन् :

क) स्थानीय वातावरणमा पाइने र कम खर्चिलो सामग्रीको प्रयोगलाई प्राथमिकता दिनु पर्दछ ।

ख) विद्यालय प्रशासनले आर्थिक समस्या समाधानका लागि पहल गर्नु पर्दछ ।

ग) विद्यार्थीहरूबाट शुल्क निर्धारण गर्दा शैक्षिक सामग्री भनेर शुल्क उठाइनु पर्दछ ।

### ४.३.३ भौतिक पक्षको व्यवस्थापन

विद्यालयमा उपयुक्त खालका भवनहरू नहुनु, उपयुक्त आकार प्रकार र सुविधायुक्त कक्षाकोठा नहुनु, शैक्षिक सामग्रीलाई व्यवस्थापन गर्न दराज वा छुट्टै कक्षाको व्यवस्था नहुनु आदि भौतिक पक्षसँग सम्बन्धित समस्याहरू हुन् । यस्तो समस्याको समाधान गर्न विद्यालय असक्षम भएकै विद्यालयमा समस्या उत्पन्न भएको हो । यस्ता समस्या समाधानका लागि विद्यालयले नै आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्न सकेको खण्डमा मात्र शैक्षिक सामग्रीको प्रयोगमा प्रभावकारिता आउने र सम्पूर्ण शिक्षामा नै सुधार आउन सक्ने देखिन्छ ।

### ४.३.४ शिक्षक तालिमको व्यवस्था

विद्यालयमा कतिपय शिक्षकहरू तालिम अप्राप्त छन् र तालिम प्राप्त भए पनि धेरै पहिले लिइएको तालिमले अहिले शिक्षकको दक्षताको विकास गर्न सक्दैन परिवर्तन पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू हासिल गर्न सोही अनुसारको आवधिक तथा पुनर्ताजगी तालिम आवश्यक पर्दछ । तालिमले शिक्षणमा सुधार ल्याउँछ । शिक्षकलाई व्यवस्थित र योजनाबद्ध ढङ्गबाट तालिम नदिएकोले पनि शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको छ । यस समस्याको समाधानका लागि तालिम दिने संस्थाहरूको स्थापना गरिनु पर्दछ । शिक्षकलाई नियमित रूपमा आवधिक तथा पुनर्ताजगी तालिमहरू दिइनु पर्दछ । शिक्षकहरूलाई शिक्षण

विधि सम्बन्धी, शैक्षिक सामग्री छनौट, निर्माण र प्रयोग विधि सम्बन्धी तालिमहरू दिइनु पर्दछ । विषयगत तालिमको व्यवस्था हुनु पर्दछ । विषय शिक्षक तथा प्रधानाध्यापकलाई शैक्षिक सामग्रीको महत्त्व सम्बन्धी तालिम दिनु पर्दछ । अतः नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग सम्बन्धी समाधान गर्न तालिमले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

### ४.३.५ अनुगमन र निरीक्षणमा नियमितता

कुनै पनि शैक्षिक संस्थालाई सु - व्यवस्थित रूपमा सञ्चालन गर्न नियमित अनुगमन र निरीक्षणको व्यवस्था हुनुपर्दछ । नियमित अनुगमन र निरीक्षणको व्यवस्था त छ तर प्रभावकारिता छैन । शोधकार्य क्षेत्रभित्रका विद्यालयमा सामग्री सङ्कलन गर्न जाँदा नियमित अनुगमन र निरीक्षणको अभावमा यी विद्यालयका पठनपाठनमा देखापरेका समस्या, शैक्षिक सामग्री प्रयोग सन्दर्भमा देखापरेका अन्योलहरू हटाउन नसकिएको गुनासो पाइएको छ ।

नियमित अनुगमन र निरीक्षणको अभावले शैक्षिक सामग्रीको उपयोगमा देखिएको समस्या समाधानका लागि अनुगमन र निरीक्षणलाई निरन्तरता दिनु पर्दछ । शिक्षण क्षेत्रमा देखापरेका समस्या वा अन्योलता हटाउन छलफलहरू चलाउनु पर्दछ । उचित राय सल्लाह र सुझाव दिनु पर्दछ । अतः अनुगमन र निरीक्षण प्रणालीलाई निरन्तरता दिने हो भने शैक्षिक सामग्रीको उपयोगमा सहजता आउन सक्ने देखिन्छ ।

### ४.३.६ निष्पक्ष मूल्याङ्कनको व्यवस्था

शैक्षिक स्तर सुधारमा निष्पक्ष मूल्याङ्कन हुनु पर्दछ । शिक्षकहरूलाई प्रोत्साहित गरिनु पर्दछ । कर्तव्य विमुख शिक्षक, परिश्रमी शिक्षकहरूको उचित मूल्याङ्कन हुन नसक्दा हरेक शिक्षकहरूमा हीनताबोधको भावना जागृत भएको छ । शिक्षकको मनोबल घटेको छ । र शिक्षण पेसाप्रति नै अरूचि बढेको छ । जसका कारण शैक्षिक सामग्रीको उचित उपयोग र प्रभावकारी रूपमा शिक्षण हुन सकेको छैन ।

शिक्षकहरूको मूल्याङ्कन गर्दा राजनैतिक निकटता र नातागत सामिप्यतालाई मूल्याङ्कनको आधार बनाउने परिपाटीलाई कडाइका साथ अन्त्य गरिनु पर्दछ । योग्य र परिश्रमी शिक्षकको कदर हुनु पर्दछ । र कर्तव्य विमुख शिक्षकलाई दण्ड दिनु पर्दछ । विद्यालयहरूको नियमित अनुगमन र निरीक्षण हुनु पर्दछ । शिक्षण कार्यका देखापरेका समस्याहरूको पहिचान गर्नु पर्दछ । ती समस्याहरूको बारेमा छलफल चलाउनु पर्दछ । शैक्षिक सामग्री उपयोगमा र समग्र शिक्षण कार्यमा देखापरेका  अन्योलताहरूलाई हटाएर अगाडि बढ्न सकेका यस समस्याको समाधान हुनसक्ने देखिन्छ ।

### ४.३.७ शिक्षक स्वयंको दायित्त्वबोध

वस्तुतः शिक्षक आफ्नो पेसाप्रति जिम्मेवार नभएसम्म शिक्षण पेसामा सुधार हुन सक्दैन । शिक्षकलाई आफनो दायित्त्वबोध हुनुपर्दछ र उनीहरूले आफ्नो जिम्मेवारी बहन गर्नु पर्दछ । शिक्षकमा देखिएको दायित्त्वबोध सम्बन्धी समस्या हटाउन कर्तव्यनिष्ठ शिक्षकहरूको उचित कदर गरी हौसला र प्रेरणा दिनुपर्दछ यसो गर्दा अरू शिक्षकहरू पनि आफनो कर्तव्यप्रति सचेत हुन्छन् । तब मात्र विद्यालयको पठनपाठनमा सुधार आउन सक्दछ ।

शिक्षकलाई शिक्षण पेसाप्रति अरूचि हुनु पनि एउटा समस्या हो । सरकारले शिक्षण पेसा र शिक्षकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्दछ । शिक्षण पेसालाई हेय पेसाको रूपमा हेर्ने परिपाटीको अन्त्य हुनु पर्दछ र एक सम्मानित, मर्यादित र आकर्षक पेसाको रूपमा स्थापित गर्न सक्नु पर्दछ । जसबाट योग्य , सक्षम र विज्ञ व्यक्तिहरू यस पेसामा प्रवेश गर्नेछन् । यसो भएमा शैक्षिक सामग्रीको उपयोग र समग्र शिक्षा क्षेत्रले नै कोल्टे फेर्न सक्ने देखिन्छ ।

कतिपय शिक्षकहरूलाई शैक्षिक सामग्रीको महत्त्वका बारेमा जानकारी छैन र यसप्रति अविश्वास छ । यस समस्याको समाधानका लागि शिक्षकलाई तालिम, सेमिनार, गोष्ठी, आदिको माध्यमबाट शैक्षिक सामग्रीको महत्त्व यसको निर्माण र प्रयोग विधि सम्बन्धमा प्रशिक्षण दिनु पर्दछ । यसबाट शैक्षिक सामग्रीको उपयोगमा वृद्धि हुन सक्ने देखिन्छ ।

### ४.३.८ सन्तुलित शिक्षण भारको व्यवस्था

सन्तुलित शिक्षणभार नहुनुले पनि शैक्षिक सामग्रीको उपयोग र शिक्षण कार्यमा सुधार हुनसकेको छैन । विद्यालयमा शिक्षक दरबन्दी कम छ । कुनै कुनै विद्यालयमा शिक्षकले सातै घण्टी पढाउनुपर्ने अवस्था छ । यो अवस्थामा शिक्षकले पाठयोजना बनाएर शैक्षिक सामग्रीको छनोट र निर्माण गरी व्यवस्थित किसिमले उपयोग गर्न सक्ने अवस्था देखिँदैन । शिक्षणभार बढी हुनुको कारणले शिक्षकले शैक्षिक सामग्री निर्माण गर्न, पाठयोजना निर्माण गर्न र व्यवस्थित किसिमले उपयोग गर्न समय नै पाएका छैनन् जसले गर्दा शैक्षिक सामग्री निर्माण र उपयोग भन्ने कुरा सिद्धान्तमा मात्र सीमित हुन पुगेको छ ।

विद्यालयमा विद्यार्थी सङ्ख्या र कक्षाको आधारमा शिक्षक दरबन्दी थपिनु पर्दछ । शिक्षकको शिक्षणभार न्यूनतम ३/४ र अधिकतम ५ सम्म बनाइनु पर्दछ । शिक्षकलाई विद्यालयमै शैक्षिक सामग्री निर्माण गर्न र पाठयोजना बनाउने समय उपलब्ध गराइनु पर्दछ । यसो गरेमा शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या कम हुने देखिन्छ ।

### ४.३.९ विद्यार्थी सङ्ख्या बढी हुने समस्याको समाधान

कतिपय विद्यालयहरूमा विद्यार्थीको चाप बढी छ । कक्षा कोठा साँगुरा हुन पुगेका छन् । न त शिक्षकले सबै विद्यार्थीले देख्न र बुझ्न सक्ने गरी शैक्षिक सामग्री प्रदर्शन गर्न सक्छन् न त विद्यार्थीले स्पष्ट रूपमा देख्न र अवलोकन गर्न सक्छन् । जसको कारण शैक्षिक सामग्रीको उपयोगमा कठिनाइ भएको छ ।

विद्यालयमा विद्यार्थी सङ्ख्याको चाप अनुसार सेक्सन खोल्ने व्यवस्था मिलाइनु पर्दछ । सामान्यतया एक कोठामा ४०-४५ जना विद्यार्थी राख्नु ठिकै मानिए तापनि ४५ जनाभन्दा बढी भएमा सेक्सन खोल्ने व्यवस्था मिलाइनु पर्दछ । विद्यार्थी सङ्ख्या कम भएका शैक्षिक सामग्रीको व्यवस्थित प्रयोग गर्न सकिने हुनाले शैक्षिक सामग्रीको उपयोगमा प्रभावकारिता आउन सक्ने देखिन्छ ।

### ४.३.१० परम्परागत शिक्षणको परिपाटीको अन्त्य

नेपाली भाषा शिक्षणमा आजसम्म पनि परम्परागत व्याख्यान विधिले नै जरो गाडेको पाइन्छ । शिक्षकहरूले जतिसुकै तालिम प्राप्त गरे पनि यस विधिलाई सरल विधिको रूपमा लिने र यसैको अनुसरण गर्ने गरेको पाइन्छ । व्याख्यान विधिको प्रयोगले मात्र विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गर्न सक्दैन । शिक्षकले  परम्परागत व्याख्यान विधिको प्रयोगलाई त्यागी शैक्षिक सामग्रीको प्रचुर मात्रामा प्रयोग गर्दै विद्यार्थी केन्द्री शिक्षण कार्यलाई आधुनिकता दिनु पर्दछ ।

## ४.४ निष्कर्ष

नेपाली भाषामा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोगमा थुप्रै समस्याहरू विद्यामान रहेका छन् । विद्यालयको आर्थिक अवस्था कमजोर हुनु, शैक्षिक सामग्रीको लागि निजी विद्यालयहरूको अनुगमन र निरीक्षण गरी पठनपाठनमा देखिएका समस्या र अन्यौलता हटाउनतर्फ चासो नदिनु, लगनशील र परिश्रमी शिक्षकलाई प्रोत्साहन दिनुको सट्टा निरूत्साहित गराउने काम प्रशासन पक्षबाट गरिनु, विद्यालयको भौतिक व्यवस्थापन फितलो हुनु आदि समस्याहरू विद्यामान रहेका छन् । ती समस्यायाहरूको व्यवस्थित किसिमले समाधान नगरेसम्म शैक्षिक सामग्रीको उपयोग र समग्र शिक्षण कार्यमा पनि सुधार आउन सक्दैन । माथि पनि भनिएको छ, समस्या एक्लै आउँदैन, समाधान पनि साथमा लिएर आएको हुन्छ । त्यसैले शिक्षणकार्यमा सुधार ल्याई नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन समस्याहरूको पहिचान गर्नु पर्दछ । ती समस्याहरू समाधानका उपयाहरू खोजिनु पर्दछ र ती उपायहरूलाई

इमान्दारीपूर्वक अवलम्बन गरिनु पर्दछ । यसका लागि शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय सबै पक्षको क्रियाशीलताको खाँचो देखिन्छ । शोध अध्ययनका क्रममा शोध कार्यक्षेत्रका विद्यालयमा अध्यापनरत् शिक्षकहरू शैक्षिक सामग्री प्रयोग गर्नुपर्दछ भन्ने कुरामा सकारात्मक रहेको पाइन्छ तर कक्षा अवलोकनका क्रममा कक्षाकोठामा शैक्षिक सामग्रीको उपयोग भने साह्रै न्यून रहेको देखिन्छ । एकातिर विद्यालयमा शैक्षिक सामग्री पर्याप्त छैनन् भने अर्कातिर उपलब्ध सामग्रीहरू पनि प्रयोग गरिएको छैन । विद्यालयहरूमा उपयोग हुने सामग्री भनेका चक, डस्टर, कालोपाटी र पाठ्यपुस्तक मात्र रहेको तथा यी विद्यालयहरूमा आर्थिक, भौतिक समस्या लगायत शैक्षिक सामग्री सम्बन्धी समस्या, उचित अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको अभावमा शिक्षण कार्य प्रभावकारी रूपमा हुन सकेको छैन। तर पनि शैक्षिक सामग्री प्रयोग गर्दा कक्षा रोचक र आकर्षक हुने र शिक्षण सिकाइमा सहजता आउने कुरामा भने सबै शिक्षक सकारात्मक रहेको पाइन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत शोध कार्यका लागि पाल्पा जिल्लाका नगरपालिका स्थित संस्थागत मा.वि. तथा उ.मा.वि.का माध्यमिक तहलाई कार्य क्षेत्र निर्धारण गरी अध्ययन गरिएको छ । अध्ययनको क्रममा ती सातओटा विद्यालयमा गई स्थलगत अध्ययन गरिएको छ र नेपाली भाषा शिक्षकको कक्षा निरीक्षण र अवलोकनबाट आजको विज्ञान र प्रविधिको युगमा पनि नेपाली भाषा शिक्षण पुरानै पद्धति र प्रक्रियाबाट अगाडि बढेको पाइएको छ । भाषा शिक्षणमा प्रशस्त शैक्षिक सामग्री निर्माण सङ्कलन र प्रयोग गर्नु पर्नेमा यी विद्यालयमा पुरानै व्याख्यान विधिको व्यापक प्रयोग भएको देखिएको छ । प्रस्तुत अध्ययनका क्रममा कतिपय विद्यालयहरूमा शैक्षिक सामग्रीको प्रयोग साह्रै न्यून पाइएको छ भने कतिपय विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता भए पनि ती विद्यालयले ती सामग्रीको प्रयोग नगरको पाइएको छ । अवलोकनको क्रममा नेपाली भाषा शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ? भनेर प्रश्न गर्दा कहिलेकाहीँ गर्नुहुन्छ भन्ने जवाफ आएकाले यी विद्यालयहरूमा केही मात्रामा भए पनि शैक्षिक सामग्रीको उपयोग हुन्छ भन्ने स्पष्ट हुन आउँछ ।

प्रश्नावलीमा प्राप्त भएका उत्तरबाट विविध समस्याहरूका कारण नेपाली भाषा शिक्षणमा यी विद्यालयमा शैक्षिक सामग्रीको प्रचुर मात्रामा उपयोग हुन सकेको देखिदैन । तिनै समस्याहरूको विश्लेषणबाट प्राप्त निष्कर्षको रूपमा तल प्रस्तुत गरिएको छ :

(क) धेरै विद्यालयहरूमा विद्यार्थी सङ्ख्या थोरै भएकाले आर्थिक समस्याले ग्रस्त छन् ।

(ख) विद्यालयको आयस्रोत कम भएकाले आर्थिक समस्याकै कारण विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था हुन सकेको छैन ।

(ग) विद्यालयमा शिक्षक दरबन्दी प्रयाप्त छैन ।

(घ) विद्यालयहरूमा अस्थायी र तालिम नलिएका शिक्षकहरू प्रशस्त छन् ।

(ङ) तालिम प्राप्त शिक्षकले पनि शैक्षिक सामग्री निर्माण, सङ्कलन, प्रयोग विधिको यथेष्ट उपयोग गरेको पाइएन ।

(च) विद्यालयको भौतिक व्यवस्थापन पनि फितलो देखिन्छ, उपलब्ध शैक्षिक सामग्रीलाई सुरक्षित राख्ने छुट्टै कक्षको व्यवस्था छैन ।

(छ) विद्यार्थीको चाप बढी भएको विद्यालयमा शैक्षिक सामग्री प्रयोगमा प्रभावकारिता आउन सकेको छैन ।

(ज) जतिसुकै योग्य र दक्ष भए पनि नेपाली भाषा शिक्षकलाई कमजोर शिक्षकको रूपमा हेर्ने परिपाटीले नेपाली भाषा शिक्षकमा हीनताबोधको भावना उत्पन्न भएको देखिन्छ ।

(झ) जि.शि.का.बाट निजी विद्यालयको अनुगमन र निरीक्षण साह्रै कम भएको छ ।

(ञ) नियमित अनुगमन र निरीक्षणको अभावमा विद्यालयहरूले पठनपाठनमा देखिएका समस्याहरू समाधान गर्न भरपर्दो सल्लाह र सुझाव पाउन सकेका छैनन् र विषय शिक्षकले पनि शैक्षिक सामग्री उपयोग सम्बन्धमा देखिएका समस्या र अन्यौलताको निदानका लागि कतैबाट उचित सहयोग, सल्लाह, सुझाव पाउन सकेको छैनन् । शिक्षक तालिमको उचित व्यवस्था निजी विद्यालयमा छैन ।

(ट) शिक्षकहरूलाई तालिम दिने भनिए तापनि शैक्षिक सामग्री निर्माण र प्रयोग विधि सम्बन्धमा शिक्षकहरूले व्यवहारिक दक्षता र प्रयोग गर्न सकेका छैनन् । जसले गर्दा शिक्षकहरू परम्परागत व्याख्या विधिकै प्रयोग गर्न बढी रूचाउँछन् ।

(ठ) प्रत्येक पटक पाठ्यक्रम परिवर्तन हुँदा शिक्षकहरूलाई विषयगत तालिमको आवश्यकता पर्दछ तर त्यस्ता विषयगत तर पुनर्ताजगी तालिम दिने काम प्रभावकारी रूपमा हुन सकेको छैन ।

(ड) स्थानीय साधन र स्रोतबाट पनि प्रशस्त मात्रामा शैक्षिक सामाग्री सङ्कलन र निर्माण गर्न सकिन्छ तर विद्यालयमा त्यसो गरेको देखिएन ।

(ढ) शिक्षकले कामको उचित मूल्याङ्कन गरी परिश्रमी र लगनशील शिक्षकहरूलाई पुरस्कृत गरी प्रोत्साहित गर्ने र जिम्मेवारी वहन नगर्ने शिक्षकलाई जिम्मेवारी बोध गराई आफ्नो कर्तव्यप्रति सचेत गराउन कुनै प्रयास भएको देखिँदैन ।

(ण) निष्पक्ष मूल्याङ्कनको अभावमा लगनशील र परिश्रमी शिक्षकहरूको मनोबल घट्दै गएको देखिन्छ ।

(त) विद्यालयमा शिक्षकको शिक्षणभार बढी हुनाले शिक्षकले शैक्षिक सामग्री निर्माण गर्ने र तिनलाई व्यवस्थित र योजनाबद्ध किसिमले प्रयोग गर्न समय पाएका छैनन् ।

(थ) कतिपय विद्यालयमा शिक्षक निर्देशिका समेत उपलब्ध छैन ।

(द) विद्यालयमा शैक्षिक सामग्री अपर्याप्त भएकाले त्यसको प्रयोग प्रभावकारी हुन सकेको देखिँदैन।

(ध) विद्यालयमा उपलब्ध भएका सामग्रीहरूको पनि व्यवस्थित रूपमा संरक्षण हुन सकेको छैन।

थोरै विद्यार्थी भएका विद्यालयहरू आर्थिक रूपले कमजोर छन् । ती विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको उपलब्धतामा कठिनाई छ त्यसको समाधानको निम्ति स्थानीय स्रोत र साधनको उपयोग गरी शैक्षिक सामग्रीको निर्माण गर्न सकिन्छ । शिक्षकहरूलाई विषयगत तालिम पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्दछ । शैक्षिक गुणस्तर सुधारमा संस्थागत विद्यालयको योगदान महत्त्वपूर्ण रहेको छ तर यी विद्यालयहरूमा उचित अनुगमन, निरीक्षण भएको छैन । जिल्ला शिक्षा कार्यालयबाट शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने विद्यालयको निरीक्षण र अनुगमन गर्नुपर्ने देखिन्छ । नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने शिक्षकलाई उचित पुरस्कारको व्यवस्था गरी प्रोत्साहित बनाउनु पर्दछ । नेपाली भाषा शिक्षणमा शिक्षण सामग्रीको महत्त्व सबैले महसुस गरी यसको खरिदमा, उपलब्ध सामग्रीको संरक्षणमा विद्यालय प्रशासनले ध्यान दिनु जरूरी छ ।

## ५.२ सुझावहरू

नेपाली भाषा शिक्षण विषयवस्तुको शिक्षण मात्र नभएर भाषिक सीपहरूको शिक्षण हो । भाषिक सीपहरूको शिक्षणका लागि शैक्षिक सामग्रीको प्रयोग गर्नु आवश्यक रहन्छ । शैक्षिक सामग्रीको उपयोगले कक्षालाई रोचक बनाई सिकाइलाई सरल, सहज र उद्देश्यमूलक बनाउन सकिन्छ ।

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री अनिवार्य साधन हुन भन्ने जान्दा जान्दै पनि सामग्री निर्माण र प्रयोगमा विभिन्न समस्याहरू तेर्सिएकाले ती समस्याहरूलाई समाधान गरे मात्र शिक्षण सुधार ल्याउन सकिन्छ । शोध अध्ययनका क्रममा शैक्षिक सामग्री उपयोगका सम्बन्धमा प्रधानाध्यापक नेपाली शिक्षकबाट प्राप्त सुझावहरूलाई तल प्रस्तुत गरिएको छ :

(क) स्थानीय स्तरका र कम खर्चिला सामग्रीको उपयोग हुनुपर्दछ ।

(ख) शैक्षिक सामग्री निर्माण र सङ्कलनमा शिक्षक क्रियाशील हुनुपर्दछ ।

(ग) शैक्षिक सामग्रीको निर्माण र सङ्कलनमा शिक्षक क्रियाशील हुनुपर्दछ ।

(घ) शैक्षिक सामग्री विषय अनुकूल हुनुपर्दछ ।

(ङ) निरन्तर अनुगमन, निरीक्षण हुनुपर्दछ ।

(च) शिक्षण सामग्री प्रयोग गर्ने शिक्षकलाई प्रोत्साहन गर्नुपर्दछ ।

(छ) शिक्षकले शैक्षिक सामग्रीको उपयोगमा झन्झट मान्नु हुँदैन ।

(ज) शैक्षिक सामग्रीलाई सुरक्षित राख्न व्यवस्थित स्थान हुनु पर्दछ ।

(झ) शैक्षिक सामग्री निर्माण र प्रयोग विधि सम्बन्धमा विषयगत तालिमको व्यवस्था गरिनु पर्दछ ।

(ञ) शैक्षिक सामग्री रोचक र आकर्षक हुनुपर्दछ ।

(ट) लगनशील र परिश्रमी शिक्षकको उचित मूल्याङ्कन हुनुपर्दछ ।

(ठ) विद्यालयमा शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको अभाव देखिन्छ त्यस्ता सामग्रीहरू सरल रूपमा उपलब्ध हुनसक्ने व्यवस्था सम्बन्धित निकायले मिलाउनु पर्दछ ।

# सन्दर्भसामग्री-सूची

## (क) पुस्तकहरू:

अधिकारी, हेमाङ्गराज (२०६३), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६०), **नेपाली भाषा शिक्षण परिचय र प्रयोग**, काठमाडौँ : शुभकामना प्रकाशन, ताहाचल ।

पौडेल, नेत्रप्रसाद (२०६६), **नेपाली भाषा शिक्षण,** काठमाडौं : पैरवी प्रकाशन ।

भण्डारी,पारसमणि (२०६२), **अध्यापन अभ्यास परिचय**, काठमाडौं : एकता बुक्स् ।

**माध्यमिक तहको नेपाली पाठ्यक्रम** (२०६४), भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय ।

**माध्यमिक नेपाली पाठ्यपुस्तक** कक्षा ९ (२०६६), भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी ।

**माध्यमिक नेपाली पाठ्यपुस्तक** कक्षा १० (२०६६), भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी ।

लम्साल, रामचन्द्र र अन्य **शिक्षक निर्देशिका** (कक्षा ९ र १०), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लामिछाने, यादवप्रकाश (२०६७), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

## (ख) शोधपत्रहरू

खतिवडा, राधारमण (२०६४), 'नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग सम्बन्धी एक अध्ययन' , अप्रकाशित स्नातकोत्तर तह शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

खनाल, तोयानाथ (२०५५), 'कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका विधिको अध्ययन' , अप्रकाशित स्नातकोत्तर तह शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

घिमिरे, महेश्वर (२०६७), 'गुल्मी जिल्ला स्थित नि.मा.वि.तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति' , अप्रकाशित स्नातकोत्तर तह शोध पत्र, नेपाली भाषा शिक्षण विभाग, तानसेन बहुमुखी क्याम्पस ।

भुषाल, निमानन्द (२०५९), 'अर्घाखाँची जिल्ला मा.वि.तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति' , अप्रकाशित स्नातकोत्तर तह शोध पत्र, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।

## परिशिष्ट - ख

# कक्षा अवलोकन फाराम

शिक्षकको नाम : मिति :

विद्यालयको नाम : घण्टी :

पाठशीर्षक : शैक्षिक योग्यता :

पाठशीर्षक : विद्यार्थी सङ्ख्या :

कक्षा :

| क्र.सं. | विवरण | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | | | | | |
| २ | उद्देश्य अनुकुलता | | | | | |
| ३ | पाठ्योजनाको तयारी | | | | | |
| ४ | पाठको प्रस्तुति | | | | | |
| ५ | पूर्व पाठमा आधारित | | | | | |
| ६ | पाठको प्रस्तुति | | | | | |
| ७ | बोलीको स्पष्टता | | | | | |
| ८ | पाठप्रति रुचि | | | | | |
| ९ | विषयवस्तुको ज्ञान | | | | | |
| १० | सामग्रीको प्रयोग | | | | | |
| ११ | कालोपाटीको उपयोग | | | | | |
| १२ | क्रमबद्धता | | | | | |
| १३ | उदाहरणको उपयुक्तता | | | | | |
| १४ | शैक्षिक सामग्री निर्माण | | | | | |
| १५ | शैक्षिक सामग्रीको स्तर | | | | | |
| १६ | शिक्षण विधि | | | | | |
| १७ | निर्धारित समयको उपयोग | | | | | |
| १८ | कक्षाकोठाको व्यवस्थापन | | | | | |
| १९ | विद्यार्थीको अभिरूचि | | | | | |
| २० | कमजोर विद्यार्थीलाई सहयोग | | | | | |
| २१ | कक्षा कार्यकलापमा विद्यार्थी सहभागिता | | | | | |
| २२ | मूल्याङ्कन | | | | | |
| २३ | गृहकार्य | | | | | |
| २४ | पृष्ठपोषण | | | | | |
| २५ | | | | | | |

अवलोकनकर्ता नाम :

हस्ताक्षर :

## परिशिष्ट - ग

# प्रश्नावली फाराम

(नेपाली भाषा शिक्षकका लागि)

शिक्षकको नाम : मिति :

विद्यालयको नाम :

शैक्षिक योग्यता : नियुक्ति

:स्थायी/अस्थायी

अध्यापन गर्दै आएको कक्षा : तालिम : प्राप्त/अप्राप्त

**प्रश्नावली फारमको प्रश्न अवलोकन गरी तलका बुँदाहरूमा श्रेणी अनुसार (Ĕ) लगाउनुहोस ।**

१. विद्यालयमा भाषा शिक्षण गर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीहरू उपलब्ध छन् ?
क) छन् ख) छैनन्

२. के ती शैक्षिक सामग्रीहरू नेपाली भाषा शिक्षणका लागि प्रयाप्त र उपयुक्त छन् ?
क) छन् ख) छैनन्

३. ती शैक्षिक सामग्रीहरू आवश्यकता अनुरूप कक्षाकोठामा दैनिक रूपमा प्रयोग हुने गरेका छन् ?
क) दैनिक रूपमा हुन्छन् ख) कहिले काहीँ हुने गरेका छन् ग) प्रयोग हुँदैनन्

४. प्रयोग गर्नुहन्छ भने कसरी गर्नु भएको छ ?
क) आफै बनाएर ख) कालोपाटीमा लेखेर
ग) बजारबाट खरिद गरेर घ) विद्यार्थीलाई बनाउन लगाएर
ङ) अन्य

५. शैक्षिक सामग्रीको प्रयोग गर्नुभएको छैन भने किन ?
क) झन्झट लाग्ने भएकोले ख) उपयुक्त र स्तरीय नभएकोले
ग) प्रर्याप्त नभएकोले घ) आवश्यक नठानिएकोले
ङ) शैक्षिक सामग्रीप्रयोग सम्बन्धमा जानकारी नभएकोले
च) अन्य

६. तपाईंको विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था कहाँबाट हुने गरेको छ ?
क) आफै ख) विद्यालयबाट
ग) बजारबाट घ) जिल्ला शिक्षा कार्यालयबाट
ङ) अन्य

७. विद्यालयमा शिक्षक निर्देशिका, पाठ्यक्रम तथा सहायक सामग्रीहरू उपलब्ध छन् ?
क) छन् ख) छैनन्

८. नेपाली भाषा शिक्षण गर्दा कुन विधामा सामग्रीको प्रयोग बढी हुन्छ ?
क) कथा ख) कविता ग) जीवनी
घ) रूपक ङ) अन्य

९. शैक्षिक सामग्रीको प्रयोग गर्दा कस्तो फाइदा भएको पाउनुभयो ?
क) सिकाइ सहज हुन्छ । ख) समय कटाउन सजिलो हुन्छ ।
ग) शिक्षण गर्न सजिलो हुन्छ । घ) विद्यार्थीमा रुचि पैदा हुन्छ ।

१०. के नेपाली भाषा शिक्षणका लागि शैक्षिक सामग्री उपयोग सम्बन्धी तालिमको आवश्यकता छ ?

क) छ ।  ख) छैन ।

११. शैक्षिक सामग्रीको व्यवस्था गर्नका लागि आर्थिक सहयोग कहाँबाट उपलब्ध हुनुपर्दछ भन्ने ठान्नुहुन्छ ?

क) स्थानीय निकायबाट  ख) विद्यार्थीबाट  ग) विद्यालयबाट
घ) चन्दा सङ्कलनबाट  ङ) जि.शि.का.बाट  च) अनय

१२. शैक्षिक सामग्रीको उपयोगमा प्रभावकारिता आउन नसक्नुको कारण के हुन सक्छ ?

क) आर्थिक अभाव  ख) निर्माण र प्रयोगमा झन्झट
ग) शैक्षिक सामग्री सम्बन्धी जानकारी नहुनु  घ) अनुगमन र उचित सुझाबको अभाव
ङ) शिक्षकको योग्यताको उचित मूल्याङ्कनको अभाव

**प्रश्नावली फारमको प्रश्न अवलोकन गरी आफ्नो अभिमत व्यक्त गर्नुहोस् ।**

१. नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने कुन कुन शैक्षिक सामग्री विद्यालयमा उपलब्ध छन् ?

.......................................................................................................
.......................................................................................................
....

२. नेपाली भाषा शिक्षण गर्दा पाठ्यपुस्तक बाहेक अरू कुन कुन सामग्री प्रयोग गर्नुहुन्छ ?

.......................................................................................................
.......................................................................................................
....

३. नेपाली भाषा शिक्षण गर्दा कुन कुन विधाहरूमा शैक्षिक सामग्री प्रयोग बढी गर्नुहुन्छ ?

.......................................................................................................
.......................................................................................................
....

४. शैक्षिक सामग्री प्रयोग गरी नेपाली भाषा शिक्षण गर्दा विद्यार्थीमा कस्तो प्रभाव (रूचि, उत्साह, ध्यान) परेको महसुस गर्नुहुन्छ ?

क) ..........................................................................
ख) ..........................................................................
ग) ..........................................................................
घ) ..........................................................................

५. शैक्षिक सामग्री प्रयोगबाट हुने मुख्य मुख्य फाइदाहरू के के हुन् ?

क) ..........................................................................
ख) ..........................................................................

६. शैक्षिक सामग्रीको प्रयोग नहँदा शिक्षणमा कस्तो प्रभाव पर्दछ ?

क) ..........................................................................
ख) ..........................................................................

७. शैक्षिक सामग्रीको दैनिक प्रयोग हुन नसक्नुमा क-कसलाई बढी जिम्मेवार ठान्नुहुन्छ ?

क) ..........................................................................
ख) ..........................................................................

८. नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोगमा देखिएका मुख्य मुख्य समस्याहरू के के हुन् ?

क) ..........................................................................

ख) ..........................................................................

९. नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री उपयोगमा देखिएका समस्याहरू समाधान गर्न विद्यालयको भूमिका के के हुन सक्छ ?

क) ..........................................................................

ख) ..........................................................................

१०. शैक्षिक सामग्रीको उपयोग प्रति तपाईंको धारणा कस्तो छ ?

क) ..........................................................................

ख) ..........................................................................

११. नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री उपयोगमा देखिएका समस्याहरूको समाधान गर्ने उपायहरू के के हुन् ?

क) ..........................................................................

ख) ..........................................................................

१२. तपाईंले नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको पर्याप्त प्रयोग गर्न नसक्नुका कारणहरू के के हुन् ? (कक्षाभार बढी भएर, सामग्री उपलब्ध नभएर, पुरस्कार तथा दण्डको उचित व्यवस्था नभएर )

क) ..........................................................................

ख) ..........................................................................

१३. शैक्षिक सामग्रीको उपयोग सम्बन्धमा तपाईं के सुझाव दिन चाहनुहुन्छ ?

क) ..........................................................................

ख) ..........................................................................

........................                                          .........................

विषय शिक्षक                                          प्रधानाध्यापक

## परिशिष्ट - घ

# शैक्षिक सामग्री उपयोग सम्बन्धमा प्रधानाध्यापकका लागि तयार पारिएको अन्तरवार्ता फारम

| | |
|---|---|
| विद्यालयको नाम : | मिति : |
| प्रधानाध्यापकको नाम : | तालिम : प्राप्त/अप्राप्त |
| शैक्षिक योग्यता : | अनुभव वर्ष : |

१. कक्षाकोठमा विद्यार्थीको चाप कस्तो छ ?
क) घटी ख) बढी ग) ठीकै

२. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले पाठ्योजना बनाएर शिक्षण गर्नुहुन्छ ?
क) गर्नुहुन्छ । ख) गर्नुहुन्न । ग) कहिलेकाहीँ गर्नुहुन्छ ।

३. नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोग हुने गरेको छ ?
क) छ । ख) छैन ।

४. प्रयोग गर्दा कसरी गर्ने गरिएको छ ?
क) आफै निर्माण गरेर ख) कालो पाटीमा लेखेर
ग) विद्यार्थीलाई बनाउ लगाएर घ) बजारबाट किनेर ल्याएर

५. विद्यालयमा नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?
क) सामान्य ख) ठीकै
ग) राम्रो घ) छँदैछैन

६. विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था आर्थिक सहयोग कहाँबाट उपलब्ध हुन्छ ?
क) विद्यालय स्रोतबाट ख) चन्दाबाट
ग) स्थानीय निकायबाट घ) जिल्ला शिक्षा कार्यालयबाट

**आफ्नो अभिमत व्यक्त गर्नुहोस् ।**

७. नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने कुन कुन शैक्षिक सामग्रीहरू विद्यालयमा उपलब्ध छन् ?
..........................................................................................................
..........................................................................................................
....

८. नेपाली भाषा शिक्षकले दैनिक प्रयोगका बाहेक कुन कुन शैक्षिक सामग्रीहरू प्रयोग गरेको पाउनु भएको छ ?
क) ...................... ख) ...................... ग) ......................
घ) ...................... ङ) ...................... च) ......................

९. शैक्षिक सामग्री उपयोग गर्दा के कस्ता फाइदा भएको पाउनु भएको छ ?
क) ..........................................................................
ख) ..........................................................................

१०. विद्यालयलाई आवश्यक पर्ने शैक्षिक सामग्री खरिद गर्नुहुन्छ वा शिक्षकलाई बनाउन लगाउनुहुन्छ ?

.........................................................................................................................
.

११. शैक्षिक सामग्रीको उपयोगमा के कस्ता समस्याहरू रहेका पाउनु भएको छ ?

क) ..........................................................................................

ख) ..........................................................................................

१२. शैक्षिक सामग्री उपयोगमा देखिएका समस्याहरूको समाधान गर्ने उपायहरू के के हुन सक्छन् ?

क) ..........................................................................................

ख) ..........................................................................................

१३. शैक्षिक सामग्री उपयोग सम्बन्धमा तपाईंको धारणा के छ ?

क) ..........................................................................................

ख) ..........................................................................................

१४. शैक्षिक सामग्री उपयोग सम्बन्धमा तपाईं के सुझाव दिन चाहनुहुन्छ ?

क) ..........................................................................................

ख) ..........................................................................................

विद्यालयको छाप　　　　　　　　　　　　　　　　प्रधानाध्यापक

## परिशिष्ट - ङ

# शैक्षिक सामग्री उपयोग सम्बन्धमा मा.वि. तहका विद्यार्थीको लागि तयार गरिएको प्रश्नावली

विद्यार्थीको नाम : मिति :

विद्यालयको नाम :

कक्षा :

१. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले पढाउने बेलामा के के सामग्रीको प्रयोग गर्नुहुन्छ ?

.........................................................................................................

२. यदि गर्नुहुन्छ भने दैनिक रूपमा गर्नुहुन्छ वा कहिले काहीँ ?

.........................................................................................................

३. शिक्षकले कस्ता प्रकारका सामग्री लिएर आउनुहुन्छ ?

क) आफै बनाएका ख) विद्यार्थीले बनाएका

ग) बजारबाट किनेर ल्याएका घ) अन्य

४. शिक्षकले कालोपाटीमा पनि लेख्नुहुन्छ ? लेख्नुहुन्छ भने के के लेख्नुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

५. शिक्षकले विभिन्न प्रकारका सामग्री प्रयोग गरेर पढाउँदा तिमीलाई कस्तो लाग्छ ?

.........................................................................................................

.........................................................................................................

६. के तिमीले पनि कहिलेकाहीँ शिक्षकलाई शैक्षिक सामग्री बनाउन सहयोग गरेका छौ वा बनाएर दिने गरेका छौ ?

.........................................................................................................

७. यदि बनाउने गरेका छौ भने कस्ता कस्ता सामग्री बनाएका छौ ?

.........................................................................................................

८. शिक्षकले पढाउँदा रमाइला कथा, चुट्किला भन्ने र अभिनय पनि गर्नुहुन्छ ?

.........................................................................................................

९. शिक्षकले पढाउने क्रममा बीच बीचमा प्रश्नहरू पनि सोध्ने गर्नुहुन्छ ?

..........................................................................................................................
.

१०. शिक्षकले प्रश्न सोध्दा जानेनौ भने के गर्नुहुन्छ ? पिट्नुहुन्छ वा सिकाइदिनुहुन्छ ?

..........................................................................................................................
.

११. शैक्षिक सामग्रीको प्रयोग गरी रमाइलो लाग्छ वा झन्झटिलो ?

..........................................................................................................................
.

१२. शैक्षिक सामग्रीको प्रयोग गरी पढाउँदा के के फाइदा हुन्छ ?

..........................................................................................................................
.

विद्यार्थीको हस्ताक्षर

## परिशिष्ट - च

# शोध विद्यालयहरूको नामावली

१. न्यू होराइजन उच्च मा.वि., तानसेन, पाल्पा ।
२. पाल्पा आवासीय उच्च मा.वि., तानसेन, पाल्पा ।
३. प्रिपेरेटरी मा.वि., तानसेन, पाल्पा ।
४. सेन्ट कपितानियो मा.वि., तानसेन, पाल्पा ।
५. बेथल मा.वि., तानसेन, पाल्पा ।
६. प्रशान्ति मा.वि., तानसेन, पाल्पा ।
७. वृन्दावन एकेडमी, तानसेन, पाल्पा ।

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | चतुर्भुज नेपाल |
| जन्म मिति | : | २०४३-१०-३० |
| जन्म स्थान | : | देउराली-८, पाल्पा |
| हालको ठेगाना | : | ता.न.पा.-४, पाल्पा |
| पिताको नाम | : | रामचन्द्र नेपाल |
| माताको नाम | : | मनरुपा नेपाल |
| नागरिकता | : | नेपाली |
| पेसा | : | शिक्षण |
| भाषा | : | नेपाली |
| सम्पर्क नं. | : | मो. ९८४७०९९९२६ |

शैक्षिक योग्यता :

| तह | वर्ष | बोर्ड | शिक्षण संस्थाको नाम | श्रेणी |
|---|---|---|---|---|
| एस.एल.सी. | २०५८ | एच्.एम्.जी. | आदर्श उच्च मा.वि.देउराली, पाल्पा | द्वितीय |
| आई.एड. | २०६१ | उ.मा.वि. | भवानी भैरव आदर्श उच्च मा.वि., खस्यौली, पाल्पा | द्वितीय |
| बी.एड. | २०६४ | त्रि.वि. | तानसेन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा | द्वितीय |

रुचि : भम्रण, पत्रपत्रिका अध्ययन, साहित्यिक कृति रचना ।